वर्ष : १९, अंक : ३५, काठमाडौं, २०८० पुस २० गते शुक्रबार, 5 January, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी
https://www.facebook.com/madheshvani
https://twitter.com/madheshvani
https://www.youtube.com/@madheshvanit.v.7538
https://www.madheshvani.com

# नेपाल र भारतबीच बिजुली निर्यातसम्बन्धी दीर्घकालीन सहमतिपत्रमा हस्ताक्षर

काठमाडौँ । नेपाल र भारतबीच बिजुली निर्यातसम्बन्धी दीर्घकालीन सहमतिपत्रमा हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा दुई देशका सचिवले दीर्घकालीन ऊर्जा व्यापारसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।
आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने पूर्व सहमतिले हस्ताक्षरसँगै सार्थकता पाएको हो ।



बिजुली निर्यातसम्बन्धी द्विपक्षीय सहमतिपत्रमा नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देल र भारतका ऊर्जासचिव पङ्कज अग्रवालले हस्ताक्षर गरे ।
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गत जेठमा गरेको भारत भ्रमणका क्रममा सो सन्दर्भमा सहमति भएको थियो । प्रधानमन्त्री दाहालका भारतीय समकक्षी नरेन्द्र मोदीले सोही अवसरमा दीर्घकालीन रूपमा नेपालको बिजुली आयात गर्न लागिएको र दुई देशका बीचमा सहमति भएको बताएका थिए ।
भारतको सङ्घीय मन्त्रिपरिषद्ले यसअघि नै विद्युत् आयातसम्बन्धी सम्झौतालाई अनुमोदन गरिसकेको छ । सो सहमतिपछि भारतका सरकारी तथा निजी क्षेत्रका विभिन्न कम्पनीले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा विद्युत् खरिद-बिक्री सम्झौता गरी बिजुली लिनेछन् । नेपाल र भारतका निजी क्षेत्रले पनि आवश्यक सहमति गरेर बिजुली आयात निर्यात गर्न सक्नेछन् ।
विभिन्न आन्तरिक तयारीपछि यो विषयले सार्थकता पाएको हो । सरकारले आगामी १२ वर्षमा कुल २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यसहितको ऊर्जा विकास रणनीतिसमेत बनाइसकेको छ । त्यसमा १३ हजार मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट भारतलगायतका देशमा निर्यात गर्ने लक्ष्य राखिएको छ ।
उक्त सहमतिपछि नेपालको ऊर्जा क्षेत्रको विकासको ढोका खुल्ने भन्दै निजी क्षेत्रले समेत स्वागत गरेको छ । सरकारले निजी क्षेत्रलाई समेत साथमा लिएर ऊर्जा क्षेत्रको विकासमा गुणात्मक परिवर्तन गर्ने लक्ष्य राखेको छ ।
आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी सम्झौताले दुई देशको सम्बन्धलाई थप उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरिएको छ ।

## नेपाल-भारतबीच चार सहमतिमा हस्ताक्षर

काठमाडौं । नेपाल र भारतबीच चारवटा सहमतिमा हस्ताक्षर भएको छ । काठमाडौंमा बिहीबार भएको परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठकपछि उर्जा व्यापार सम्झौता सहितका चार सहमतिमा हस्ताक्षर भएको हो ।
परराष्ट्रमन्त्री एनपी साउद र भारतीय विदेशमन्त्री एस जयशंकरको उपस्थितिमा उर्जा व्यापार सम्झौता भएको छ । भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाटसम्म विद्युत् आयात गर्ने सम्झौतामा दुई देशका उर्जा सचिवले हस्ताक्षर गरेका छन् ।
नेपालले बनाएको म्यानुअल स्याटेलाइट प्रक्षेपण गर्न भारतले सहयोग गर्ने सहमतिमा हस्ताक्षर भएको छ । नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी र न्यू स्पेस इन्डिया लिमिटेडबीच भएको सहमतिमा भारतले उक्त स्याटेलाइट प्रक्षेपणका लागि नेपाललाई सहयोग गर्नेछ ।
यस्तै हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट (एचआईसीडीपी) कार्यान्वयन सहमतिमा अर्थ सचिव कृष्णहरि पुष्कर र नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले हस्ताक्षर गरेका छन् । यो सहमति अनुसार काठमाडौंस्थित भारतीय दूतावासले अब एउटै परियोजनामा २० करोडसम्म सोझै लगानी गर्नसक्नेछ ।
भारतले नेपालको भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि नेपाललाई १० अर्ब रुपैयाँ नेपाली अनुदान सहयोग गर्ने सहमति भएको छ ।
दुवै देशका परराष्ट्रमन्त्रीले १३२ केभीए पावर क्षमताका तीनवटा प्रसारण लाइनको उद्घाटन गरेका छन् ।
संयुक्त आयोगको बैठकमा नेपाल र भारतको समग्र विषयमा समीक्षा गर्ने, आगामी दिनमा नेपाल र भारतको सम्बन्धलाई कसरी सुदृढ बनाउने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृत राईले जानकारी दिए । कनेक्टिभिटी, व्यापार, जलस्रोत, उर्जा व्यापारका विषयमा छलफल भएको उनले बताए ।

## अर्काको हक खोस्ने तीन नेताहरुको जन्मजात आसुरी प्रवृत्ति नै हो : डा.राउत



काठमाडौं । न्याय परिषद्ले उच्च अदालतमा गरेको ३९ न्यायाधीश नियुक्तिप्रति जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले कडारुपमा आलोचना गरेका छन् ।
डा.राउतले भनेका छन्, ‘ उच्च अदालतमा ३९ न्यायाधीश नियुक्तको क्रममा होस्, कि राजदूत नियुक्तिको क्रममा होस्, यी ३ नेताहरूले मनोमानी तरीकाले गरेको नियुक्ति कुनै आश्चर्यचकित गर्ने खालको पटक्कै छैन। विभेद गर्ने, अर्काको हक खोस्ने त यिनीहरूको जन्मजात आसुरी प्रवृत्ति नै हो।’
उनले भने, ‘कथित “माओवादी सरकार” कतिसम्म दलित, मधेशी, मुस्लिम, थारू, पिछडावर्ग र समावेशिता विरोधी छ भने हामीले पिछडा वर्गको उत्थान (विकास) समिति गठनादेश महिनौं लगाएर, फाइल जबरजस्ती बनाएर लगे तापनि अस्वीकृत गरिदिएको छ। वादी, दलित र पिछडा वर्गको छुट्टाछुट्टै उत्थान विकास समिति गठन गर्ने हाम्रो प्रयास रोकिदिएको छ।’
‘तपाईंलाई स्पष्ट भन्छु - एक वर्षसम्म यतिको बैठकहरूमा गएँ, कहिले पनि यिनीहरूले मधेशको “म“ वा दलितको “द“ उच्चारण गरेका छैनन् - मधेशी वा दलितको शिक्षाको अवस्था के छ, स्वास्थ्यको अवस्था के छ, विकासको अवस्था के छ भन्ने विषय आजसम्म कतै पनि १० सेकेन्डको लागि पनि उनीहरूको सरोकार बनेको मैले देखेको छैन। यति दलित, मधेशी र पिछडावर्ग विरोधी छन् यिनीहरू ।’ उनले सामाजिक सञ्जाल फेसबुकमा भनेका छन् ।

## प्रहरीको बुट प्रहारबाट जनमतका उपाध्यक्ष ई.साह घाइते

काठमाडौं । धोती दिवसको अवसरमा शान्तिपूर्ण कार्यक्रममा प्रहरीको बुट लागेर जनमत पार्टीका उपाध्यक्ष ई.दीपक कुमार साह घाइते भएका छन् । जनमत पार्टी निकट विद्यार्थी जनमत संघले सोमबार बिहान माइतीघर मण्डलामा धोती दिवस कार्यक्रम आयोजना गरेको थियो । निषेधित क्षेत्रमा कार्यक्रम गरेको भन्दै प्रहरीले हस्तक्षेप गर्दै ५३ जनालाई पक्राउ गरेको थियो । उपाध्यक्ष ई.साहको खुट्टामा गम्भीर चोट लागेको छ । पक्राउ परेकाहरुलाई रिहा गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफै पुलिस क्लब पुगेका थिए । गृहमन्त्रीले कमीकमजोरी भएकोसमेत स्वीकार गरेका थिए ।



## न्यायाधीश नियुक्तिपति तमलोपाको आपत्ति

जनकपुरधाम । न्यायपरिषदबाट उच्च अदालतमा ३९ जना न्यायाधीशहरुको नियुक्ति हुँदा समावेशिताको संवैधानिक व्यवस्थाको पालना नभएकोमा तराई-मधेश लोकतान्त्रिक पार्टी आपत्ति जनाएको छ । तमलोपाको प्रचार विभाग प्रमुख उमेश कुमार मण्डलले न्यायपरिषदबाट नै संविधानको उल्लंघन हुनु दुर्भाग्यपूर्ण हो भन्दै यस्तोमा न्यायालयबाट जनताको हक-अधिकारको संरक्षण कसरी हुन सक्दछ? भन्ने प्रश्न उठाएका छन् । संविधानको धारा ४२को(१)मा “... समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।“ भनिएको भन्दै तमलोपाको नेता मण्डलले संविधानको व्यवस्थाको उल्लंघन गर्दै यस्ता नियुक्तिहरुले न्यायिक क्षेत्रमा समेत समावेशिताको पालनाको शृंखला र सम्भावना समाप्त गरिँदै छ, भने । उनले ‘तमलोपा यसप्रति घोर आपत्ति जनाउँद छ’, भने । उनले यसबारे न्यायपरिषद, समावेशी आयोग, मधेशी आयोग, थारु आयोग, महिला आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, मुस्लिम आयोग लगायत सम्बन्धित सबैलाई गम्भीर हुन अपील समेत गरेका छन् ।

## लुम्बिनीमा लोसपाको प्रथम प्रदेश सम्मेलन सम्पन्न

रुपन्देही । लुम्बिनी प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रथम प्रदेश सम्मेलन सम्पन्न भएको छ । लोसपा गठनको दुई वर्षभन्दा बढी समयपछि लुम्बिनी प्रदेश समितिको प्रथम सम्मेलन गत शनिबार भैरहवामा भव्यताका साथ सम्पन्न भएको हो ।
लोसपा नेपाल लुम्बिनी प्रदेश समितिको प्रथम प्रदेश सम्मेलनको उद्‌घाटन लोसपाका वरिष्ठ सह-अध्यक्ष सर्वेन्द्रनाथ शुक्लले गरेका थिए । उनले राज्यद्वारा लुम्बिनी निरन्तर उपेक्षामा परेको बताएका थिए । उनले साँस्कृतिक केन्द्र हुँदाहुँदै राज्यले सुरुदेखि बुद्ध जन्मस्थल लुम्बिनीमाथि विभेद गरेको बताए ।
उनले भने, ‘विभेद अझ कायम राख्ने मानसिकता छ । विगतमा लुम्बिनीमा आएका बजेट काठमाडौंमा खर्च भयो । म पनि केही समय संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री थिए । बजेट बनाउने काम अर्थमन्त्रीले गर्छन् ।’
उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा एडीबीको ठूलो योगदान रहेको बताए । उनले विमानस्थल पूर्ण रुपमा सञ्चालन गर्न सबै मिलेर एकीकृत योजना बनाउनुपर्नेमा जोड दिए । उनले भने, ‘सबैलाई समेट्दै सुपरीवेक्षण समिति बनाएर द्रुत गतिमा काम अगाडि बढाउनुपर्छ ।’




उनले आजको समयमा यो देशमा भविष्य छैन भन्ने युवाहरुको सोच रहेको बताए । उनले नो अब्जेशन लेटर लिनेको संख्या बढ्दै गएको बताए । उनले युवामा जीवनस्तर के हुन्छ भन्ने चिन्ता रहेको उल्लेख गरे ।
उनले भने, ‘विदेश पलायन हुने क्रम बढ्दो छ । खस्कदो अर्थतन्त्र ठूलो चिन्ताको विषय हो । रोजगारीको अवसर छैन । मुलुकमा भ्रष्टाचार बढेको छ । सबैभन्दा डरलाग्दो स्थित भ्रष्टाचार हो । ’
रुपन्देही क्षेत्र नम्बर ४ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य समेत रहेका शुक्लले भ्रष्टाचार एउटा रोग भएकाले यसको नियन्त्रणका लागि भ्रष्टाचार गर्ने व्यक्तिलाई सामाजिक बहिष्कार गर्नुपर्नेमा जोड दिए । उनले जनताको मनमा असन्तुष्टी भएको र त्यो असन्तुष्टी हटाउनुपर्ने बताए । आफू शिक्षामन्त्री हुँदा विभिन्न किसिमका घुम्ती तालिम सञ्चालन गरेको उनले बताए ।
त्यस्तै लोसपा लुम्बिनी प्रदेश अध्यक्ष, लुम्बिनी प्रदेश सरकारका प्रवक्ता तथा गृहमन्त्री सन्तोष कुमार पाण्डेयले सकारात्मक सोच विश्वको सबैभन्दा ठूलो चुनौति रहेको बताए । उनले नेतृत्व गर्ने व्यक्तिहरुले सकारात्मक सोचका साथ अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने, ‘समाजलाई नकारात्मक दिशातर्फ लैजाने काम नगरौं ।’ कोरोना महामारीपछि विश्वव्यापी रुपमा आर्थिक मन्दी आएको उनले बताए ।
लुम्बिनी प्रदेशलाई पर्यटनको प्रदेशको रुपमा विश्वमा चिनाउन र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका निम्ति लागिपरेको उनले बताए ।
पूर्व कृषिमन्त्री तथा लोसपाका वरिष्ठ उपाध्यक्ष अकबाल अहमद शाहले लोसपा सबैको अधिकार चाहने पहिचानवादी पार्टी भएको दावी गरे ।
कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरु पुरन प्रसाद चौधरी, दीप नारायण मिश्रा, लक्ष्मीनारायण वर्मा, सोमनाथ जनैदार, लुम्बिनी प्रदेशसभा सदस्य तथा संसदीय दलका उपनेता कन्हैया बनिया, प्रदेशसभा सदस्य तथा संसदीय दलका प्रमुख सचेतक हेमा बेल्बासे केसी, लोकतान्त्रिक विद्यार्थी संघ लुम्बिनी प्रदेश अध्यक्ष मोहम्मद अली लगायतले बोल्दै लोसपा संघर्षले जन्मिएको पार्टी भएको बताए । लोसपा रुपन्देहीका अध्यक्ष रवि कुमार रौनियारको स्वागत तथा पार्टीका केन्द्रीय सदस्य मोहम्मद इस्लाम खानको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## प्रभु साहले गठन गरे आईटी आर्मी अर्ध सैनिक बल

काठमाडौं । प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले छुट्टै आईटी आर्मी अर्ध सैनिक बल निर्माण गरेको छ ।
यही पुष १४ गते आम जनता पार्टीको स्थापना दिवसको अवसरमा आयोजित आईटी आर्मीको राष्ट्रिय भेला सहित शुरू भएको सैनिक तालिम अहिले निरन्तर जारी छ ।
एक सातासम्म चलने उक्त तालिममा देशभरीका हजारौं युवाहरु सहभागी छन । रौतहटको मौलापुरमा भईरहेको उक्त तालिममा आईटी सम्बन्धी प्रशिक्षण देखी सैनिक अभ्यास समेत गराईएको छ ।
आईटी आर्मीको प्रदेश अध्यक्ष बालाशंकर कुशवाहाले अहिलेको सूचना प्रविधिको युगमा युवाहरुलाई आईटी सम्बन्धी तालिम अत्यावश्यक रहेको बताए । किनकी आईटी बिना देशको



बिकास सम्भव छैन । बैदेशिक रोजगारीमा भईरहेको ठगी रोक्न, भ्रष्टाचारीहरुलाई दण्डित गर्न तथा भगौड़ा दलालबाट देशलाई बचाउन आईटी सेना निर्माण अपरिहार्य आवश्यकता भईसकेकोले यो तालिम गर्न लागेको उनले बताए । यो तालिम पछी आईटी आर्मीका युवाहरुले देशमा बढ़दो संकट रोक्न सकारात्मक योगदान गर्ने उनले बताए ।
आजपाले अहिलेको व्यवस्था असफल भैसकेको घोषणा गर्दै देशलाई संकटबाट बचाऊन तत्काल अन्तरिम सरकार गठनको माग गर्दै आएको छ । आजपाका अध्यक्ष प्रभु साहले तत्काल अन्तरिम सरकार गठनमा सुरक्षा निकायको भुमिका सहयोगी हुने बताए । यदि सुरक्षा अधिकारीहरु देशको संकटबारे चिन्तित भएन र पार्टीको लुटतन्त्रलाई चोखयाउन नै लागे भने अब आईटी आर्मीले नेपालको मुख्य सैनिक फोर्सको काम गर्ने उनले जनाएका छन् ।
‘ढिलो चाँडो नेपाली सेनाका जवानहरुले बूझनेछन र देश निकासको लागि आईटी आर्मीसंग सहकार्य गर्नेछ । यही तरिकाले अब देश अघि बढ्न सक्दैन्, आईटी आर्मीले देशको निकासमा बिशेष सहयोगी भुमिका खेलने पक्का छझ साहले भने ।
उनले अहिलेको संविधानले पनि देश र जनतालाई निकास नदिने ठोकुवा गरेका छन् । मुलुकमा देखिएको समस्या समाधान र समृद्धिका लागि अहिलेको सरकार विघटन गरि अन्तरिम सरकार गठन गर्नुपर्ने उनले जनाएका छन् ।

## सम्पादकीय

# राज्यको नश्लीय चरित्र फेरिएन

‘सयौं थुंगा फुलका हामी एउटै माला नेपाली’ र ‘सार्वभौम भई फैलिएको मेचि महाकाली’ यो हाम्रो राष्ट्रिय गानले शब्दचित्रमा हाम्रो विविधतालाई पनि देखाउँछ, भाषा संस्कृतिको पनि कुरा गरेको छ। फुलको रुपमा हामीलाई देखाएको छ भने थुंगाको रुपमा समूहलाई देखाएको छ। यो एउटा सिम्बोलिक हो। तर फुल त फुल्छ झर्नका लागि। फुल त सुक्न सक्छ नि र फुल सुक्यो भने मालाको धागो मात्रै रहन्छ अर्थात् भूगोल मात्रै रहन्छ। राष्ट्रियता जनतामा हुन्छ, भूगोलमा होइन। चन्द्रमा पनि एउटा भूगोल हो तर चन्द्रमाको कुनै राष्ट्रियता छैन। किनकि त्यहाँ मानिस बस्दै बस्दैन। हाम्रो जुन विविधता छ, त्यहीं विविधता सम्बोधनका लागि हामीले समावेशी लोकतन्त्रको कुरा गर्‍यौं। त्यसैका लागि हामीले संघर्ष गर्दै आएका छौं कि जो बहिगर्मनमा परेका छन्, उनीहरुलाई समानताको अनुभूति होस्। जनआन्दोलनको समयमा ऐतिहासिक रुपमा जात, क्षेत्र, भाषा, संस्कृति, लैंगिक लगायतका आधारमा विभेद हुँदै आएको थियो, त्यो विभेदको अन्त्य गर्न कसरी राज्यको पुनर्संरचना गर्न सकिन्छ। राज्यको पुनर्संरचना कसरी गर्ने हो, पहिचानको आधारमा विभेद भइरहेको छ। त्यसै कारण राज्यको संरचना पनि पहिचानको आधारमा हुनुपर्ने हामीले नारा लगाएका थियौं, पहिचानसहितको संघ। तर, त्यो भएन।

अहिलेको संघ पहिचानको आधारमा भएको छैन। जनआन्दोलनको जुन एजेण्डा थियो त्यो एजेण्डा सम्बोधन गर्न अन्तरिम संविधान बनेको थियो। अन्तरिम संविधानको प्रस्तावनामै भनिएको छ कि सबैको सहमतिमा राजनीतिक शक्तिले संविधानको निर्माण गर्नेछ। तर, अहिलेसम्म त्यस्तो भएको देखिँदैन।

किनकि जुन अधिकार अन्तरिम संविधानले दिएको थियो त्यो अधिकारलाई कतिपय मान्छेका कारण राखिएन। यो संविधानमा धेरै त्रुटिहरु छन्। अहिले जुन संकट देशमा आएका छन्, त्यसको एक कारण हो कि हाम्रो त्रुटिपूर्ण संविधान हो। त्यसका कारण अहिले मुलुकमा संकट आएको छ। सरकारको कामकाजले पनि जुन कुरा हुनुपर्ने हो, त्यो भइरहेको छैन। सरकार गैरजिम्मेवार देखिएको छ। अहिले यो सरकारका लागि जनता केही छैन। हामी अरुमा नै निर्भर छौं। बेरोजगारी बढेको छ। पहिला पहाडका मानिसहरु वैदेशिक रोजगारीका लागि बढी जान्थे तर अहिले मधेशबाट जानेको संख्या बढी छन्।

## संघीयता कार्यान्वयनमा तपाईंहरूजत्तिकै गम्भीर छु : प्रधानमन्त्री

काठमाडौं। प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग सात वटै प्रदेशका मुख्यमन्त्रीहरूले शनिबार बिहान बालुवाटारमा संयुक्त रूपमा भेट गरी संविधानले व्यवस्था गरेका सङ्घीय अधिकारहरू कार्यान्वयनका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गराउनुभएको छ। भेटमा मुख्यमन्त्रीहरूले प्रधानमन्त्रीलाई सात बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै नेपालको संविधानमा व्यवस्था भएका साझा अधिकार सूचि प्रयोगको व्यवस्था मिलाउन, गत असारमा पोखरामा सम्पन्न मुख्यमन्त्री सम्मेलनको निष्कर्ष कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। मुख्यमन्त्रीहरूले सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण नेपाल सरकारको मात्र एकल दायित्व नभएर सङ्घीय संसद र राजनीतिक दलहरूको साझा दायित्व भएकोमा जोड दिँदै राजनीतिक सहमतिका लागि प्रधानमन्त्रीले समन्वय गर्नुपर्ने बताउनुभयो।

मुख्यमन्त्रीहरूसँग भेट गर्दै प्रधानमन्त्री प्रचण्डले सङ्घीयताको परिकल्पनाकार र संविधान निर्माणको समेत अगुवा हुनुको नाताले सङ्घीय कानुनहरू निर्माणका निम्ति आफू गम्भीर रूपमा लागिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, “तपाईहरू सबै जानकार नै हुनुहुन्छ। मैले नै सङ्घीय गणतन्त्रको परिकल्पना गरेको थिएँ, त्यसका निम्ति सङ्घर्ष गरेको थिएँ। त्यसलाई संविधानमा लिपिवद्ध गर्नसमेत मैले भूमिका खेलेको छु, नेतृत्व लिएको छु। त्यसैले सङ्घीयता कार्यान्यवन मेरो सबैभन्दा ठूलो चासो र प्राथमिकताको विषय हो। खाली यो कसरी कार्यान्वयन गर्ने, संसदमा सहभागी सबै दलहरूलाई पनि सहमत गराएर कसरी अगाडि बढ्ने भन्ने विषयले मात्र समय लिएको हो।”

“मैले सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐन, प्रहरी समायोजन ऐन लगायतका सङ्घीयता कार्यान्वयनसम्बन्धी ऐनहरू निर्माणका लागि दूतताका साथ काम गरिरहेको तपाईहरूलाई जानकारी नै छ” प्रधानमन्त्रीले भन्नुभयो, “विधेयकहरू प्रस्तुत पनि भइसकेका छन्। अब छलफलको माध्यमबाट त्यसलाई निष्कर्षमा लैजान बाँकी छ। शीर्ष राजनीतिक तहमा छलफल गरेर त्यसलाई टुंङ्गो लगाउन थप पहल गर्नेछु”

### राष्ट्रिय मेलमिलाप दिवस

# खिइएर मेटिन लागेका मेरा केही पुराना अक्षरहरू



जयप्रकाश प्रसाद गुप्ता

गिरिजा बाबुले संकोचका साथ भन्नु भयो-म त लामो समयसम्म मानिसको परख गर्छु। शुरूमा त शंका गरिरहन्छु। परफेक्ट देखिएपछि मात्र विश्वास गर्छु। बीपीले सोध्नु भयो- ओखलढुंगा काण्डमा के भयो ? के कारणले नख्खुबाट झिकिएर लिला, ठगीहरू मारिए ? दुर्गा सुवेदीहरू किन तिमीसँग रहेनन् ?

१) विश्वेस्वर प्रसाद कोईरालाका केही बिचारहरूलाई आज गलत उद्धरणको रूपमा उल्लेख गरिने गरिन्छ। राजतन्त्र, राष्ट्रियता, धर्म निरपेक्षता र राष्ट्रिय एकता तथा मेलमिलापको कार्यनीतिका सन्दर्भमा खासगरी फरक किसीमबाट उल्लेख गरिने गरिएको देखिन्छ। हिजोका दुर्दान्त मण्डलेहरू र सदैब प्रजातन्त्र हत्याका समर्थक कम्युनिष्टहरूले पनि यता बात बातमा काँग्रेसीहरूलाई उपदेश दिने गरेका हुन्छन्। यस्ता उपदेश प्रायस: तिनीहरूले राजतन्त्र, राष्ट्रियता, भारतको बिरोध तथा मेलमिलापका सन्दर्भमा फलाकि रहेका हुन्छन्। उदाहरणका लागि तिनीहरूले बीपीका समयका चुनावी घोषणापत्रका युक्तिहीन अंशहरू, राजाको घाँटी र मेरो घाँटी संगै जोडिएको छ भन्ने प्रसंग अनि मेल मिलाप कार्यनीतिका केही मनगढन्त व्याख्यालाई प्रयोग गरिरहेका हुन्छन्।

वास्तवमा बीपीको बिचार सम्पूर्ण रूपमा कहिल्यै पनि कुनै घोषणापत्रमा समाविष्ट छैन। न त ०७ सालको क्रांति कालमा, न त ०१५ को आम निर्वाचनमा। पार्टीको बिधानलाई पनि यसै रूपमा बुझ्नु पर्दछ। पार्टीका यी दस्तावेजहरू जहिले पनि बिभिन्न नेताहरू वा सोचहरूका समिश्रित रूपमा पारित गरिएका हुन्छन। जबकि, बीपी गहन सवालहरूमा दार्शनिक दृष्टिकोण राख्नु हुन्थ्यो। व्यक्तिगत सोचमा बीपी सदैव,शायद जीवन पर्यन्त पनि राजतन्त्र, धार्मिक राज्य र संशोधित प्रजातन्त्र वा मोडेल डेमोक्रेसी जस्ता बिषयको पक्षपाती रहनु भएन। राजतन्त्र, धर्म बारे राज्य र प्रजातन्त्रका बारे उहाँका साहित्यको अध्ययन गर्दा स्पष्ट हुनजान्छ। धेरैले बीपीको ‘राजतन्त्र’ शिर्षकको लेख नै नपढेको हुन सक्छ। जहाँ बीपीले नेपाली समाजमा राजतन्त्रको आधार उपर नै प्रश्न उठाउनु भएको छ। सन् १९६८ मा बीपीले वाराणसीको एक सम्मेलनमा ‘एशियन च्यालेन्ज एण्ड गांधीज्म’ बिषयमा बोलेकोबाट नृशंस राजतन्त्रका बारेमा धेरै कुरा थाहा पाउन सकिन्छ।

शिवरात्रीको दिन एकजना जर्मन पत्रकारलाई पशुपतिको अपार श्रद्धालु देखाउदै बीपीले भनेको कि “म निजी रूपमा धर्म मान्दिन।तर, पूर्व-पश्चिम पुरै नेपालबाट कयौं दिन पैदल हिडेर यहाँ मूर्तीको पूजा गर्न आएकाहरूको आस्था पनि म बदल्न सक्दिन।” शायद धेरैले छापिएको यस तथ्यको पनि स्मरण गर्दैन आज भोली। नेपालको सन्दर्भमा धर्म निरपेक्षता ठिक नहुन सक्छ। तर, धर्म निरपेक्षता बीपीको निजी सोच थियो।

राष्ट्रिय एकता तथा मेलमिलापको कुरा गरेर बीपीको स्वदेश आगमनलाई धेरैले तत्कालिन भारतमा इंदिरा गांधीको नेपाल खाने योजनालाई बीपीले लत्याएको भनि अर्थ्याएको देखिन्छ। मर्नु परेपनि नेपालमै मर्ने तर इंदिरा गांधीको योजनामा सरीक नहुने भनेर बीपीलाई आजको संकुचित तथा बजारीकरण गरिएको राष्ट्रवादसंग जोड्न खोजेको देखिन्छ। मेलमिलापको नीति वा कार्यनीति बस्तुत: बीपीको यौटा ‘लाउड थिंकिंग’ थियो। जस्लाई सन् ७० को दशकको अन्त्य तिरको शीतकालिन विश्व राजनीतिको सापेक्षतामा मात्र बुझ्न सकिन्छ।

यसको सारको रूपमा, अमेरिका सबैतिर प्रजातान्त्रिक आन्दोलनहरूको रक्षा गर्न नसकेको, कम्युनिष्टहरूको मुकाबिला गर्न तानाशाहहरूलाई संरक्षण गरिरहेको एक बिशेष स्थिति रहेको बुझ्नु पर्दछ। अर्को तिर सोवियत संध, खासगरी प्रजातान्त्रिक मुलुकहरूमा कम्युनिष्टहरूको सहयोगमा सत्ता हत्याउन चाहेको, र मध्य तथा दक्षिण एशियाली मुलुकहरूको स्वतन्त्रता अफगानिस्तानमा सोवियत कब्जाले गर्दा खतरामा परेको बुझाई हो। यस सन्दर्भमा, इंदिरा गांधीको बारेमा बीपी स्पष्ट हुनुहुन्थ्यो कि उनि सोवियत संधका पिछलग्गू थिईन। तिनताकमा नेपालका राजा बीरेन्द्र कम्युनिष्टहरूको जालमा परेको र प्रजातन्त्रवादीहरूलाई समाप्त पारेर कम्युनिष्ट नियन्त्रणको पंचायति व्यवस्थालाई दरो बनाउने सोवियत डिजायनले अन्तत: नेपालको स्वतन्त्रतालाई नै समाप्त पार्ने बीपीको बुझाई रहेको थियो। यस तथ्यसंग राजालाई सहमत गराएर मुलुकलाई प्रजातान्त्रिकरणको दिशामा लिई जानु बीपीको नीति भनौं वा दृष्टिकोण थियो।

आज, हवाई जहाजमा सवार काँग्रेसी, आकाशमा उडी रहेको जहाजमा कुनै



प्राविधिक गडबडी भएमा बीपीको मेलमिलाप कै नीति पल्टाएमा पाईलटले तेसको मर्मत गर्न सक्ने, समाधान गर्न सक्ने गरी जसरी अर्थ लगाई रहेको देखिन्छ-यसको तेस्तो सर्वकालिक व्यापकता शायद बीपीले सोच्नु भएन होला। रोजगारी, जनताको आयबृद्धी, सर्वशुलभ स्तरीय शिक्षा, जनता प्रति लक्षित जन स्वाथ्य नीति, समावेशीकरण जस्ता आधारभूत बिषयहरू-जुन जनताका आधारभूत खोजी र चाहना हुन, यसको समाधान पनि बीपीको तेस सोचबाट खिच्ने प्रयत्न त वास्तवमा दिशाहीनता हो। न कि, बीपी प्रतिको आस्था।

२) परशु नारायण चौधरी ४/५ दिन अघि मात्र पंचायत पस्नु भएको थियो।

आफ्ना केही साथीहरूका साथ उहांले निकालेको वक्तव्यको शिर्षक “अबको नयाँ बाटो“ राख्नु भएको थियो। जनमत संग्रह ताकाको प्रचारका क्रममा बी.पी. कोईरालाले बहुदल आए परशु नारायण नेपालको प्रधानमंत्री हुने भन्नु भएको थियो। यस्तो मानिस सुटुक्क पंचायत पसेको सन्दर्भमा बीपीको रोजाईका वारेमा पनि प्रश्न उठेको थियो।

परशु जीको पलायनका सम्बन्धमा बीपीको प्रतिकृया पनि जोशिलो र आलोचनात्मक थिएन। “नेपाली जनताले जुन कारणले परशु नारायण चौधरीलाई माया गरेका थिए, सो कारण अब रहेन।“ यही थियो बीपीको प्रतिकृया। आजको जस्तो तथानाम गाली गरेर उहाँले केही भन्नु भएन। वा, भित्र भित्र कुरा मिलाएर गएका हुन कि; यस्तो आशंका गर्ने पनि केही थिए।

डा. तुलसी गिरी, विश्वबन्धु थापा, डा. नागेस्वर सिंह-यस्ता मानिसहरूको सूचि लामै थियो, जो एक समय बीपीका बडो नजिक रहेका थिए। सहकर्मीको रोजाईमा बीपीमा बढी त्रुटी छ, यस्तो चर्चा खुब हुने गर्थ्यो।

बीपी 1977 नोभेम्बरमा उपचार गराई अमेरिकाबाट फर्किनु हुदां परशु नारायण र गिरिजा बाबु दुबै जनालाई पटना-काठमांडूको हवाई जहाजमै उहांले प्रतिबन्धित नेपाली कांग्रेसको महामंत्री बनाउनु भएको थियो। यो एक छुट्टै रोचक ऐतिहासिक प्रसंग हो। फेरी लेखौला। यसरी एकै पटक दुई जना महामंत्री भएको शायद गिरिजा बाबुलाई तेतीसारो मन परेको थिएन क्यार !

त्यस साँझ चावहिल मित्रपार्कको बीपी निवासमा शेख इद्रिस पनि हुनुहुन्थ्यो। परशु जीको पलायनपछि शेख साहेबले बीपीका प्रति दरो भरोसा जनाउनु भएको थियो। खानाको अन्त्यमा बीपीले रूचि पूर्वक खीर खादै गर्दा चक्र जी, चक्र बास्तोलाले कुरा उठाई हाल्नु भो। यो कुरा फेरी गिरिजा बाबुको पनि रूचिको कुरा भएको थियो। तेसैले बीपीले यसको जवाफ नपन्छ्याउनु होस भनेर गिरिजा बाबुले चक्र जी तिर उन्मुख हुदै जिज्ञासा गर्नु भो; के भन्नु भो अरे चक्र जी ? बीपी, गिरिजा बाबु, सुशील दा, शेख इद्रीस, बीरेन्द्र दाहाल, म; हामी सबै चक्र जीका प्रति उन्मुख भयौ। चक्र जी बीपीसंग सदैव निर्भिक रहनु हुन्थ्यो। गिरिजा बाबु सदैब थिचिएको !

चक्र जीले भन्नु भयो; हैन सान्दाजु, परशु नारायणलाई त तपाईले निकै पत्याउनु भएको थियो। उनले धोका दिए। तपाईलाई शंका थिएन ? के पहिले देखिनै उनि प्रति तपाईको विश्वास अडीग थियो र ?

बीपीले चक्र जीलाई भन्दापनि गिरिजा बाबु तर्फ मुखातिव हुदै सोध्नु भयो- गिरिजा कुनै पनि सहयोगीसंग तिम्रो सम्बन्ध विश्वासबाट शुरू हुन्छ कि आशंकाबाट ? गिरिजा बाबुले संकोचका साथ भन्नु भयो-म त लामो समयसम्म मानिसको परख गर्छु। शुरूमा त शंका गरिरहन्छु। परफेक्ट देखिएपछि मात्र विश्वास गर्छु। बीपीले सोध्नु भयो-ओखलढुंगा काण्डमा के भयो ? के कारणले नख्खुबाट झिकिएर लिला, ठगीहरू मारिए ? दुर्गा सुवेदीहरू किन तिमीसंग रहेनन् ?

बीपीले थप्नु भयो: सोच्दै गर्नु। म त विश्वासलाई नै आधार मान्दछु। पत्यार, अपत्यार, विश्वास र अविश्वास, भरोसा र धोका चिरन्तर र चिरस्थायी कहां हुन्छ र ? यो सर्वकालिक हुदैन। मानिसको सोचलाई तत्कालिक परिस्थितिले निर्धारित गर्दछ। तत्कालिक परिस्थितिलाई भने उस्को बाध्यता, प्रतिकूलतालाई ब्यहोर्ने क्षमता, लोभ र नि:स्पृहताले निर्धारित गर्दछ। यसर्थ, कोही संगको सम्बन्ध भने शुरूका दिनको विश्वास वा आशंकाको आधारमा सदैव निर्धारित भै रहदैन। सबैले विस्तारै दुधको खीर सकेका थिए। मन मिठो भएको थियो। तर, यस सम्वादले भने सबैलाई, खासगरी बीपी वाहेक हामी सबैलाई उद्वेलित पारेको थियो।

मेरो उ बेलाको उमेर नेताको कुरामा प्रश्न उठाउने थिएन। तर, बीपीले जे जवाफ दिनु भयो; मेरो लागि आज पनि प्रश्न रहित नै छ ! हो त, कोही संगको सम्बन्ध भने शुरूका दिनको विश्वास वा आशंकाको आधारमा सदैव निर्धारित भै रहदैन। को कहाँ रहन्छ, कोही कहाँ पुग्छ। तर, ज्ञान भने सर्वकालिक नै हुन्छ।

(धेरै बर्ष अघि यो संस्मरण फेसबुक बालमा राखेको थिए। फेरी राख्न मन लागेर राखेको हुँ।)

# राष्ट्रिय सभामा लोसपाले पनि सिट पाउनुपर्छ



डा.सुरेन्द्र झा
महासचिव
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

सत्तारुढ गठबन्धनले लोसपाको योगदानलाई हेरेर सिट दिनुपर्छ। त्यो सिट प्राप्त गरिसकेपछि पार्टी चुनावमा सहभागी हुने हो।

**० लोकतान्त्रिक समाजवादी पार्टीभित्र असन्तुष्टिहरु बढ्दै गएका छन्, वरिष्ठ नेता राजेन्द्र महतो आक्रोशित हुनुहुन्छ, के कारण छ ?**

– हाम्रा वरिष्ठ नेता राजेन्द्र महतोले केन्द्रीय समिति बैठक बहिष्कार गर्नुभयो भन्ने कुरा सुनेर अचम्मित छौं। राजेन्द्र महतोले सार्वजनिक रुपमा भन्नुभयो कि बैठक बहिष्कार गरे, त्यो कुरा हामी बुझ्न सकेनौं। बैठकभन्दा दुई दिन अगाडि छलफल हुँदा पनि उहाँ आउनुभएन। उहाँले केन्द्रीय समितिमा धेरै साथीहरु छुटेका छन्, त्यो सम्बोधन नभएकोले बैठक बहिष्कार गरेको उहाँले सञ्चार माध्यमहरुमार्फत् गुनासो गर्नुभएको छ। त्यो बैठकमा न कसैलाई थप गरिएको छ, न कसैलाई मुक्त गरिएको छ। अझै पनि ९० जना थप गर्न बाँकी नै छ। अध्यक्षजीले भन्नुभएको छ, कि जो-जो छुट्नुभएको छ, उहाँहरुलाई समावेश गरिनेछ। त्यसैले यो ठूलो विवादको विषय होइन।

**० वरिष्ठ नेता महतोले अध्यक्ष महन्थ ठाकुरले मनोमानी तरिकाले पार्टी चलाइरहेको आरोप लगाउनु भएको छ नि ?**

– म धेरै तिक्ततापूर्ण टिप्पणी गर्न चाहन्नँ। जे भएको छ, त्यसमा उहाँको पनि सहभागिता छ, उहाँसँगै बसेर गरेको हो। आफूले नगर्ने, गर्न पनि नदिने। उहाँले नै सम्पूर्ण अधिकार दिनुभयो अध्यक्ष महन्थ ठाकुरलाई कि तपाइँ सबै गठन गर्नुस्। अब सम्पूर्ण अधिकार दिइसकेपछि गर्नेले गऱ्यो त। गरिसकेपछि कुनै साथी छुटेको छ भने ल्याउँछु भन्नुभएकै छ। ल्याउनेतिर पो प्रयास गर्ने हो। पार्टीमा थपघट गर्दा त सबै कुरोमा विचार गर्नुपर्छ। देशभरिकै साथीहरु छुटेका छन्। सबै जिल्लाबाट नाम आउनुपऱ्यो। वरिष्ठ नेता महतोको चिन्ता जायज हो, त्यसलाई म उच्च सम्मान गर्छु तर सँगसँगै उहाँको दायित्व पनि हो नि। जहाँ-जहाँ समस्या छ, त्यसलाई समाधान गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने दायित्व पनि हो। यो भएन, त्यो भएन भनेर दायित्व पूरा भयो त ?

**० सद्भावना पार्टी पृष्ठभूमि भएका नेताहरु समेटिएन भनेर उहाँको गुनासो देखिन्छ, यसबाट लोसपा फुटतिर जाँदैछ ?**

– अब पूर्वसद्भावना भनेर कहाँ खोज्न जाने ? हिजोसम्म म मधेशवादी हुँ, सद्भावना हुँ भन्ने एक दर्जन साथीहरु त एमालेमा हुनुहुन्छ, दुई दर्जन त जसपामा हुनुहुन्छ। स्थापित अनुहार, राजेन्द्र महतोसँग काम गरेको डेढ दर्जन नेताहरु त उहाँलाई छोडेर गइसके। हामीले राजपा बनाउँदाखेरि सद्भावनाबाट पदाधिकारी बनेका मध्ये अहिले कति जना लोसपामा हुनुहुन्छ भन्ने प्रश्न त उठ्छ नि। ३११ सदस्यीय केन्द्रीय समितिमा सद्भावना पृष्ठभूमि भएका नेताहरु हुनुहुन्न र ? वरिष्ठ नेताकै परिवारका सदस्य पदाधिकारी हुनुहुन्छ।

**० आसन्न राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि लोसपा के गर्दैछ ?**

– हामी सत्तारुढ गठबन्धनभित्र छौं। लोसपा प्रतिबद्ध ढंगले गठबन्धनमा छ। चुनाव पनि हामी सँगै लड्यौं। हामीले प्रधानमन्त्री वा सत्तारुढ गठबन्धनभित्र धेरै बार्गेनिङ्ग गरेका छैनौं। हामीले यो गठबन्धनलाई सघाएको मात्रै छौं। गत चुनावमा पनि हामीले थोरै मात्रै सिट लियौं। जबकि हाम्रो जम्मा सांसद संख्या १७ जना थियो। त्यस हिसावले हामी के अनुरोध गरिरहेका छौं कि राष्ट्रिय सभा चुनावमा लोसपाले पनि सिट पाउनुपर्छ। सत्तारुढ गठबन्धनले लोसपाको योगदानलाई हेरेर सिट दिनुपर्छ। त्यो सिट प्राप्त गरिसकेपछि पार्टी चुनावमा सहभागी हुने हो।

**० राष्ट्रिय सभा सदस्य चुनावमा लोसपा गठबन्धनसँगै रहन्छ ?**

– अहिलेको चुनावी स्ट्रेन्थलाई हेर्दा लोसपा एक्लैले राष्ट्रिय सभा चुनावमा जित्न सक्दैन। हामीले सधैं मत दिँदै आएका छौं। त्यसैले हाम्रो चाहना रहन्छ कि हामीले सिट पाउनुपर्छ।

**० कति वटा सिटमा लोसपाको दाबी छ ?**

– राष्ट्रिय सभामा २० वटा सिट खाली हुँदैछ। गठबन्धनको बैठकले यो कुराको टुंगो लगाउँछ। २० जनामा सबै दिनुस् भन्ने सवाल आउँदैन, स्ट्रेन्ट हेरेर पाउने हो। कम्तीमा एउटा सिट त पाउनै पऱ्यो।

**० न्याय परिषद्ले उच्च अदालतमा ३९ जना न्यायाधीश नियुक्त गऱ्यो, यसलाई लोसपाले कसरी लिएको छ ?**

– न्याय परिषद्ले गरेको न्यायाधीश नियुक्ति पूर्णरुपमा असमावेशी, गैरसंवैधानिक र विभेदपूर्ण रहेको छ। यसप्रति लोसपा नेपाल खेद व्यक्त गर्दछ। संविधानकै खिल्ली उडाउने गरी नियुक्ति भएको छ। यसको जति आलोचना गरेपनि कम हुन्छ। यो देशमा आधाभन्दा बढी जनसंख्या ओगटेको मधेशी समुदायलाई समेट्न नसक्नु दुर्भाग्यपूर्ण हो। जहिले पनि नियुक्तिहरुमा मधेशसँग विभेद हुँदै आएको छ। यसकै विरुद्धमा हाम्रो संघर्ष हो। विगतदेखि नै नश्लीय चिन्तनबाट ग्रसित राज्यसत्ताको चरित्र र सोचमा परिवर्तन हुन सकेको छैन।

**० छिमेकी मित्रराष्ट्र भारतका विदेशमन्त्री डा.एस जयशंकरको नेपाल भ्रमणलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– भारतका विदेशमन्त्री डा.एस जयशंकरको नेपाल भ्रमण अति नै महत्वपूर्ण र उपलब्धिमूलक भएको हामी ठान्छौं। यो भ्रमणका क्रममा विभिन्न महत्वपूर्ण सहमतिहरु भएका छन्, जुन नेपालको विकास र समृद्धिका लागि निकै नै महत्वपूर्ण रहेको छ। नेपालले बनाएको म्यानुअल स्याटेलाइट प्रक्षेपण गर्न भारतले सहयोग गर्ने सहमतिमा हस्ताक्षर भएको छ। नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी र न्यू स्पेस इन्डिया लिमिटेडबीच भएको सहमतिमा भारतले उक्त स्याटेलाइट प्रक्षेपणका लागि नेपाललाई सहयोग गर्नेछ। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी सम्झौताले दुई देशको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने छ।

**० यो भ्रमणबाट कस्तो अपेक्षा छ ?**

– भारतले आफूलाई आर्थिकरुपमा सवल बनाउन सफल भएको छ। हाम्रो निकटतम् छिमेकी र विशिष्ट मित्र भारत भएकोले नेपालको आर्थिक अवस्था मजबुत बनाउने काम भारत सरकारले गर्नुपर्छ। भारतले हामीलाई विशेष सहयोग गर्नुपर्छ भन्ने चाहना राखेका छौं।

**० यो भ्रमणबाट नेपाल-भारत सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?**

– नेपाल-भारत सम्बन्ध भनेको कुनै राजा महाराजा, प्रधानमन्त्री, सांसद, मन्त्रीले बनाएको होइन, जनताले बनाएको सम्बन्ध हो। जनस्तरमा सम्बन्ध अहिले पनि प्रगाढ नै छ। यस्ता भ्रमणहरू हुनु आफैमा फलदायी हो, विचारहरूको आदान-प्रदान हुन्छन्।

# हामी सरकारमा रहेर पनि सरकारविरुद्ध संघर्ष गरिरहेका छौं

सरकारमै बसेर सरकारविरुद्ध गर्ने हाम्रो नीति छ। जनमत पार्टी मात्रै एउटा यस्तो पार्टी हो जो सरकारमा भएर पनि सरकारका नराम्रा कामहरुको समर्थन गरेको छैन।



ई.दीपक कुमार साह
राष्ट्रिय उपाध्यक्ष
जनमत पार्टी

**० भारतका विदेशमन्त्री डा.एस जयशंकरको नेपाल भ्रमणलाई कसरी हेरिरहनुभएको छ ?**

– नेपाल र भारतका परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठकमा सहभागी बिहीबार नेपाल आउनुभएका भारतका विदेशमन्त्री डा.एस जयशंकरलाई हृदयदेखि स्वागत गर्न चाहन्छु। उहाँको यो भ्रमणले नेपालको समृद्धिमा कोशेढुंगा सावित होस्। यो भ्रमणको क्रममा नेपाललाई आर्थिक समृद्धि हुने खालका विभिन्न सम्झौताहरु पनि भएका छन्।

**० यो भ्रमणबाट के-कस्ता अपेक्षाहरु गर्न सकिन्छ ?**

– नेपाल अहिले दिनप्रति दिन आर्थिक संकटबाट गुज्रिरहेको छ। नेपालका धेरै अपेक्षाहरु छन्। तर, उहाँको भ्रमणका एजेण्डाहरु पनि तय भएका छन्। सर्वप्रथम त नेपाल जलस्रोतको धनी देशको हो र जलस्रोतबाट धेरै सम्भाव्यताहरु पनि छन्। हामीले बेच्न सक्ने भनेको विद्युत हो। भारत सरकारले १० हजार मेगावाट विद्युत किन्ने भन्ने सहमति पनि भएको छ। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने पूर्व सहमतिले हस्ताक्षरसँगै सार्थकता पाएको हो। भारतको सङ्घीय मन्त्रिपरिषद्ले यसअघि नै विद्युत् आयातसम्बन्धी सम्झौतालाई अनुमोदन गरिसकेको छ। सो सहमतिपछि भारतका सरकारी तथा निजी क्षेत्रका विभिन्न कम्पनीले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा विद्युत् खरिद-बिक्री सम्झौता गरी बिजुली लिनेछन्। नेपाल र भारतका निजी क्षेत्रले पनि आवश्यक सहमति गरेर बिजुली आयात निर्यात गर्न सक्नेछन्। यो सहमतिले निश्चितरुपमा नेपालको आर्थिक अवस्थामा फड्को मार्नेछ।

**० खासगरी मधेशको दृष्टिकोणबाट भन्नुपर्दा भारतले के गर्नुपर्ने हो ?**

– कर्णाली प्रदेशभन्दा पनि मधेश प्रदेश पछाडि पर्दै गएको छ। मधेशको हुलाकी राजमार्ग अहिलेसम्म पनि बन्न सकेको छैन। नेपाल सरकारको लागि मधेशीहरु रेमिट्यान्स ल्याउने, कर तिर्ने मात्रै रहेका छन्। भारतको सीमासँग जोडिएका तराई-मधेशको जनजीवन दयनीय बन्दै गएको छ। यसलाई मध्यनजर गर्दै एउटा विशेष प्याकेज आउनुपर्ने आवश्यकता छ। भारत सरकारले मधेशलाई विशेष प्राथमिकतामा राखेर योजनाहरु ल्याउन म आग्रह गर्न चाहन्छु।

**० यो भ्रमणले नेपाल-भारत सम्बन्धमा कस्तो प्रभाव पार्छ ?**

– भारतका विदेशमन्त्री डा.एस जयशंकरको यो नेपाल भ्रमणले निश्चितरुपमा नयाँ आयाम थप्नेछ। उहाँले नेपालको आवश्यकता र अवस्था राम्ररी बुझ्नुभएको छ। यस्ता उच्चस्तरीय भ्रमणहरुले सम्बन्ध सुमधुर र प्रगाढ हुँदै जान्छ।

**० जनमत पार्टीले चुनावका बेला धेरै सपनाहरु बाँडेको थियो। तपाइँहरु अहिले तीनै तहको सरकारमा हुनुहुन्छ। के परिवर्तन भयो त ?**

– सबभन्दा पहिला त राजनीतिक दलहरुले जनतामा सकारात्मक आशा दिनुपर्ने हुन्छ। हामीले १० लाख रोजगारी दिने भनेका थियौं तर हामीले त्यो किसिमको मत पाएका छैनौं। प्रत्यक्षमा एउटा मात्र सांसद जितेका छौं। हामीसँग भिजन छ कि कसरी रोजगार सिर्जना गर्ने। हामीले रोजगारी सिर्जना गर्नका लागि प्रयास गरेका थियौं। कृषिमा आधारित उद्योगहरु पुन: सञ्चालन गर्नका लागि प्रयास गऱ्यौं। कृषिमा आधारित चार वटा उद्योग सञ्चालन गरियो भने एक लाख रोजगार सिर्जना हुन सक्नेछ। आइटी हब बनायौं भने ४०-५० हजार रोजगार सिर्जना हुनसक्छ। हामीले जैविक मलका लागि उद्योग खोल्न लाग्दा जसपाका मुख्यमन्त्रीले हाम्रो कृषिमन्त्रीलाई हटाइदियो। भनेपछि हामीले बहुमत नपाउँदासम्म हामीले चाहेर पनि गर्न सकिरहेका छैनौं। हामसिँग स्पष्ट बहुमत भयो भने हामीले भनेका कुराहरु निश्चितरुपमा पूरा गर्नेछौं।

**० मधेश प्रदेश सरकार विकासका बाधक हो ?**

– हामीले केही राम्रो काम गर्न खोज्यौं भने जसपाको मुख्यमन्त्री, अर्थमन्त्रीले गर्नै दिँदैन। हामीले कुनै योजना लग्न खोज्यौं भने प्रदेशका अर्थमन्त्रीले बजेट नै रोकेर राखेका हुन्छन्। योजना हाल्न पनि प्रदेशका मुख्यमन्त्रीले पहिला नै कमिशन माग्छन्, नत्र योजना नै हाल्दैन। अस्ति नै ३९ जना न्यायाधीश नियुक्त भए, जसमा एक जना मात्र मधेशी छन्। हामीभन्दा शक्ति जसपा छ तर पनि केही गराउन सकेको छैन।

**० तपाइँहरु सरकारमा हुँदा पनि केही गर्न सकिरहनुभएको छैन भने सरकारमा किन टाँसिरहने ?**

– मधेश प्रदेशको सरकारमा जति बेला हाम्रो पार्टीबाट कृषिमन्त्री रहँदा मलखादको समस्या समाधान भएको छ। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा हाम्रो पार्टीबाट नगर प्रमुख जित्नुभएको छ। त्यहाँ हामीले कृषि औजारका लागिा बैंक बनायौं। हामी यो सरकारको नराम्रा कामको साक्षी बनेर बसेका छैनौं। घरबाहिर बसेर हल्ला गर्नुभन्दा घरभित्रै बसेर विरोध गर्ने हो। सरकारमै बसेर सरकारविरुद्ध गर्ने हाम्रो नीति छ। जनमत पार्टी मात्रै एउटा यस्तो पार्टी हो जो सरकारमा भएर पनि सरकारका नराम्रा कामहरुको समर्थन गरेको छैन। हामी यो सरकारमा हुँदा पनि बजेटमा मतदान गरेनौं। त्यसैले, जनमत पार्टी सरकारमा बसेर पनि सरकारको गलत कामको गलत भन्ने आँट गरेका छौं। त्यो आँट अन्य पार्टीमा छैन।

**० जनमत पार्टीले संघीय सरकारमा पाएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा व्यापक भ्रष्टाचार भइरहेको कुराहरु आइरहेका छन् नि ?**

– पहिलाका मन्त्रीहरु हुँदा मन्त्रालयमा दलालहरुको भीडभाड हुन्थ्यो, सुटकेश बोकेर आउने जाने काम हुन्थ्यो। तर, जतिबेला हाम्रो पार्टीबाट मन्त्री बन्नुभयो, हामीले पहिलो दिन नै निर्देशन दियौं कि सरुवा-बढुवा गर्नका लागि कसैलाई एक रुपैयाँ पनि नलिनु र नदिनु भनेर सार्वजनिक सूचना प्रकाशित गरेका छौं। बिचौलियाहरुलाई हटाउनका लागि हामीले सिसिटिभी क्यामेरा राखेका छौं। त्यसैले, हाम्रो मन्त्रीले कुनै किसिमको आर्थिक लेनदेन वा अनियमितता गर्नुभएको छैन।

**० तर, सुटकेश बिना कुनै काम हुँदैन भन्ने चर्चा किन भइरहेको छ ?**

– हामीले भनेका छौं कि कुनै किसिमको अनियमितता वा भ्रष्टाचार भएको प्रमाण कसैले पनि लिएर आयो भने हामीले तुरुन्त पार्टीबाट कारबाही गर्छौं र फिर्ता बोलाउँछौं। तर यहाँ भयो के भने पहिलादेखि खाने बानी लागेकाहरुको बाटो नै बन्द भएपछि उनीहरुले नियोजित रुपमा यस्ता हल्ला चलाएका हुन्।

# छोरीको विवाहका लागि मौलापुरकी मेयर रिना साहको आर्थिक सहयोग




रौतहट । रौतहटको मौलापुर नगरपालिकाले 'फ्रि विजुली र फ्रि पानी' कार्यक्रम अन्तर्गत नगरवासीको घरेलु तथा कृषि सिंचाई मिटरको २ करोड ६६ लाख रकम तिरेको एक महिना नवित्दै एक अर्को उदाहरणीय काम गरेको छ । मौलापुर नगरपालिकाले 'असहायके साथ मेयर कार्यक्रम' अन्तरगत आज ५० भन्दा बढी गरिब परिवारलाई ३० हजारका दरले १५ लाख भन्दा बढीको अनुदान रकमको चेक हस्तानान्तरण गरेको छ । मौलापुरकी मेयर रिनाकुमारी साहले नगरपालिकामा आयोजित एक विशेष कार्यक्रम मार्फत चेक हस्तानान्तरण गरेकी हुन् ।

मेयर साहको विशेष पहलमा उमेर पुगेकी छोरीको विवाहका लागि आर्थिक सहयोग गर्ने उदेश्यले मौलापुर नगरपालिकाले 'असहायके साथ मेयर कार्यक्रम' विगत ६ देखी सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमबाट विपन्न बर्गका व्यक्तिहरु लाभान्वित भएका छन् ।

छोरीको विवाहमा खर्च अधिक हुनेहुँदा विपन्न वर्गका अभिभावकलाई ठुलो आर्थिक संकट पर्ने गरेको कारण पालिकाले गरिब तथा विपन्न वर्गका उमेर पुगेका छोरीको विवाहमा ३० हजार रुपैया आर्थिक सहयोग गर्दै आएको छ । सोही कार्यक्रम अन्तरगत ५० जना व्यक्तिले ३० हजारका दरले रकम पाएका हुन् ।

मौलापुरकी मेयर साहले 'असहायके साथ मेयर कार्यक्रम', 'फ्रि विजुली र फ्रि पानी' जस्ता लोकप्रिय कार्यक्रम ल्याएर नगरवासीलाई सेवा गरेको चर्चा अहिले मधेस प्रदेशका साथै देशैभरी भईरहेको छ । उनको यस्तो कार्यक्रमको प्रशंसा चौतर्फी भईरहेको छ ।

मौलापुर नगरपालिकाका प्रवक्ता चण्डेश्वर वैठाका अनूसार 'असहायके साथ मेयर कार्यक्रम' अन्तरगत अहिले सम्म हजार भन्दा बढी व्यक्तिले यो सुविधा पाईसकेका छन् । यस कार्यक्रमले विवाहका लागि हरेक परिवारमा राहत महशुस हुनुका साथै सहयोग पुग्ने भएकाले आउँने दिनमा समेत यो कार्यक्रम निरन्तर रहने उनले बताए ।

मौलापुर नगरपालिका-६ का बासुदेव पण्डित कुम्हारले मेयर रिना साहको पहलमा नगरपालिकाबाट छोरीको विवाहका लागि ३० हजारको चेक पाउँदा खुशी भएका छन् । कुम्हारले भने, 'यस लोकप्रिय एवं जनपक्षिय कामहरुको जति बखान गरेपनि सायद कम नै हुन्छ होला ! एक पछि अर्को सराहनीय कामहरू गरेर आम जनताको मनमुटुमा बस्न सफल मौलापुरको नेतृत्व एवं नगरपालिका परिवारप्रति हार्दिक आभार व्यक्त गर्छु । साथै यस्ता लोकप्रिय एवं जनप्रिय कामहरु आउँने दिनमा अझै जारी रहोस् भन्ने मेरो चाहना छ ।'

मौलापुर नगरपालिका -३ का हजारी राय यादवले समेत छोरीको विवाहका लागि ३० हजार पाएका छन् । यादवले यस्तो कार्यक्रमले आफू खुशी भएको बताए । गरिब, दिनदुखी, असहायलाई सहयोग गर्ने मेयर रिना साह जस्तो नेता आफूहरुले पाउँदा नगरबासी खुशी भएको उनले बताउ ।

मौलापुर नगरपालिका-२ का इन्द्रजित महरा चमारले छोरीको विवाहका लागि ३० हजारको चेक पाउँदा खुशीले गदगद देखिन्थे । 'हामी जस्ता गरिब, दलितलाई पनि सहयोग गर्ने मेयर रिना साह हाम्रा लागि ठुलो नेता हो । उहाँको अगाडी सबै फेल भएका छन् । हाम्रो पानी चल्दैन, हाम्रा कुरा कसैले सुन्न चाहदैन तर मेयर रिनाले हामीलाई पनि सहयोग गर्नु हाम्रा लागि यो भन्दा ठुलो कुरा केही हुन सक्दैन् । हाम्रा लागि रिना नै ठुलो नेता हो' चमारले भने ।

मौलापुर नगरपालिकाका उकेश महतो कोईरी, प्रभु राउत बरैई, रामविर सोनार, रामाधार महतो, रामायण महतो, रामदेव साह सोनार, जंगदेव महरा चमार, नन्दु महरा चमार, मोहन राय यादव, ब्रह्मदेव राम, इन्द्रजित महरा चमार, गोपाल महरा चमार, हजारी राय यादव, भउचप्रसाद यादव, धनिराम साह सोनार लगायतका ५० जना भन्दा बढी व्यक्तिले नगरपालिकाका मेयर साहबाट चेक पाएपछि उनीहरुको मुहारमा खुशी देखिन्थ्यो ।

यस अघि ४ पुसमा मेयर साहले नगरपालिकाको तर्फबाट 'फ्रि विजुली र फ्रि पानी' कार्यक्रम अन्तर्गत नगरवासीको घरेलु तथा कृषि सिंचाई मिटरको सम्पूर्ण शुल्क बुझाएकी थिईन् । यो आर्थिक बर्षको मंसिरसम्मको २ करोड ६६ लाखको चेक नेपाल विधुत प्राधिकरण मौलापुर शाखाका प्रमुख दिनेश यादवलाई मेयर साहले बुझाइसकेकी छन् ।

## मधेश अपडेट

### 'समानान्तर सरकारको गठन अपरिहार्य'

रौतहट । आम जनता पार्टी (आजपा) निकट आईटी आर्मीको तेस्रो ऐतिहासिक राष्ट्रिय भेला तथा प्रशिक्षण कार्यक्रम रौतहट जिल्लाको मौलापुर स्थित शहिद स्मृति सभाहलमा एक सभ्य एवं भव्य समारोहका बिच सुरु भएको छ । कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री प्रभु साहले अहिलेको संवैधानिक व्यवस्था असफल भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्थामा जानुको बिकल्प नभएको बताउँदै उहाँले अब देशलाई ठोस निकास दिन वर्तमान सरकार असफल रहेकोले यसलाई तत्काल विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने माग माग गर्नुभएको छ । अन्तरिम सरकार गठनमा यदि कुनै तत्व बाधक बन्छ भने तपाई हामी देश र जनताको पक्षमा आईटी आर्मीको अर्ध शैन्य शक्तिको बलमा समानान्तर सरकार निर्माण गरेर अगाडि बढ्नुपर्ने दिन आईसकेकोले यसतर्फ सबै देशभक्त युवाहरुलाई गम्भीर हुन आजपा अध्यक्ष साहले अपिल समेत गर्नुभएको छ । आम जनता पार्टीको स्थापना दिवसको शुभ अवसरमा हजारौं युवाहरूको सहभागिता तथा आईटी आर्मीका संस्थापक अध्यक्ष चन्द्र भुषण साहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमले भ्रष्टाचारको विरूद्ध शशक्त संघर्ष गर्ने प्रतिबद्धता सहित राजनीतिक दस्तावेज समेत पारित गर्दै नयाँ नेतृत्वको चयन गर्ने भएका छन् । झण्डै ५ दिनसम्म चलने यस ऐतिहासिक भेला तथा प्रशिक्षण कार्यक्रमको पूर्ण सफलताकोलागी आजपा उपाध्यक्ष एवं सभासद तिलक थापा, महासचिव उपेन्द्र साह, उपमहासचिव अरुण घिसिङ, सचिवद्वय पूर्वसांसद समिना हुसैन र ज्ञानेन्द्र तामाङ, स्थायी कमिटी सदस्य धर्मेन्द्र सापकोटा, प्रदेश ईन्चार्ज सुधीर यादव लगायतका नेताहरूले हार्दिक शुभकामना सहितको मन्तव्य व्यक्त गरेका थिए ।

### नेपाल पुलिस क्लबलाई उपाधि

वीरगन्ज । पर्सा क्रिकेट संघको आयोजनामा वीरगंजमा संचालित नेपाल प्रो क्लब च्याम्पियनसिप टि-२० क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले हासिल गरेको छ । वीरगंजस्थित नारायणी रंगशालामा शनिबार भएको फाइनल खेलमा पर्सा-११ लाई १ सय रनको फराकिलो अन्तरले पराजित गर्दै नेपाल पुलिस क्लबले उक्त उपाधिसँगै ५ लाख रूपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । टस जितेर पहिलो ब्याटिङ गरेको नेपाल पुलिस क्लबले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १ सय ४५ रन बनाएको थियो । पुलिसका लागि करण केसीले अवजित ४० रनको योगदान गरे । उनले केवल १७ बलमा पाँच छक्का प्रहार गरेका थिए । यसैगरी अर्जुन साउदले २६ रन, शंकर राणाले १९ रन, ओपनर दिलीप नाथले १७ रन, कप्तान आरिफ शेखले १६ रन, अमित श्रेष्ठले ७ रन, रशिद खानले ७ रन, सुनिल धमलाले २ रन, शेर मल्लले १ रन र सागर ढकालले १ रनको योगदान दिएका थिए । १ सय ४६ रनको विजयी लक्ष्यसहित जवाफी ब्याटिङ गरेको पर्सा-११ ले ११ ओभरमा अलआउट हुँदै केवल ४५ रन मात्रै बनाएको थियो । बलिङतर्फ नेपाल पुलिस क्लबका बलर सागर ढकाल एक्लैले चार विकेट लिए । यसैगरी ललित राजवंशी र रासिद खानले दुई/दुई विकेट लिए भने करण केसी र शेर मल्लले समान एक/एक विकेट लिए । फाइनल खेलमा नेपाल पुलिस क्लबका करण केसी म्यान अफ द म्याच घोषित भए ।

### धरानमा जसपाको प्रशिक्षण सम्पन्न

धरान । जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । धरानको लाङ्गाली बन उपभोक्ता समुहको भवनमा आयोजित तीन दिवसीय राजनैतिक प्रशिक्षण कार्यक्रम सोमबार सम्पन्न भएको हो । पार्टीका अध्यक्ष उपेन्द्र यादवले पार्टीको विधानबारे, संगठनात्मक कार्यपद्धति, पार्टीको आदर्श, संघीयता, सुशासन, सामाजिक न्याय र समाजवाद साथै लिम्बुवान र उत्पीडित राष्ट्रियताको मुक्तिका सवालहरु, समाजवादको ऐतिहासिक पृष्ठभूमि र विकासक्रमबारे प्रशिक्षण दिए। त्यसैगरी पार्टीका कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठले संघवादका आधारभूत सिद्धान्त र समाजवादको नेपाली बाटो विषयमा प्रशिक्षण दिए। पार्टीका कार्यकारिणी सदस्य रकम चेम्जोङलाई संगठन सुदृढीकरण अभियान तथा कार्यान्वयन र पहिचानको आन्दोलनको विषय रहेको थियो। त्यस्तै पार्टी विधान र संगठानात्मक पद्धतिबारे कार्यकारिणी सदस्य रणध्वोज कन्दङ्वा, राजनीतिमा लैङ्गिक सशक्तिकरण : युवा विद्यार्थी र महिलाको भूमिकाको विषयमा कार्यकारिणी समिति सदस्य सुशीला श्रेष्ठले प्रशिक्षण दिइन् । पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य परशुराम बस्नेत, डा. महेन्द्र लावती, दिलेन्द्र कुरुम्बाङ र खगेन्द्र माखीमले पनि प्रशिक्षण दिए । लिम्बुवान राष्ट्रिय समितिको आयोजनामा सम्पन्न प्रशिक्षणमा एक सय पचास प्रतिनिधि सहभागी थिए।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# ‘राजस्व लुट्ने व्यवस्थाको अन्त्य कहिले हुन्छ प्रधानमन्त्रीज्यू ?’

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम सम्पर्क मञ्चले ‘भन्सार नियमावलीबाट ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी ब्यवस्था खारेजी’ गर्नुपर्ने लगायतका माग गर्दै काठमाडौंको त्रिपुरेश्वरमा रहेको भन्सार विभागमा धर्ना तथा घेराउ कार्यक्रम निरन्तर जारी राखेको छ ।




बिहीबार १९ औं दिन समेत भन्सार विभागमा धर्ना तथा घेराउ कार्यक्रम जारी रहेको बताइएको छ । भन्सार विभाग घेराउ गर्न पुगेका आन्दोलनकारीले सरकार विरुद्ध चर्का नारावाजी समेत गरेका छन् । आफूहरुको माग सम्बोधन नभए सम्म आन्दोलन जारी रहने उनीहरुले जनाएका छन् ।

आजपा उपाध्यक्ष तिलक थापामगरले आफूहरुको माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने अझै शसक्तरुपमा अगाडी बढ्ने बताए । झण्डै चार महिना देखि जारी आन्दोलनको न्यायोचित मागहरुलाई सम्बोधन गर्नुको सट्टा सरकार शान्तिपूर्ण धर्नामाथी हस्तक्षेप गरिरहेकोले आन्दोलनलाई सशक्त बनाउनुको विकल्प नभएको उपाध्यक्ष थपामगरले बताए ।

‘भन्सारको कमिशनको ठूलो रकम बालुवाटार त पुगेको छैन ? हाम्रो माग मुलुक र नेपाली जनताकै हितमा छ । अर्बौं रकम पुस्कारको नाममा व्यक्तिको खाता पुग्नु राम्रो होईन् । यदी त्यो रकम राज्यकोषमा आएको भए मुलुक र जनताको विकासका लागि थप बलियो त सरकार नै हुन्थ्यो नि । तर पनि सरकार हाम्रो कुरा सुनिरहेको छैन्, त्यसैले हाम्रो आन्दोलन थप शसक्तरुपमा अगाडी बढदै जान्छ’ आजपा उपाध्यक्ष थापामगरले भने ।

आजपा केन्द्रीय सदस्य एवं भन्सार कानून सुधार संघर्ष समितिका संयोजक रन्जुकुमारी साहले भन्सारमा कमिशनबाट पुरस्कृत हुने कर्मचारी र पुरस्कारको राशि सार्वजनिक गर्नुपर्ने बताईन् । सरकार, कर्मचारी सबै मिलेर राज्यको रकम लुटिरहेको बताउँदै उनले त्यस्तो पुरस्कार पाउँने व्यक्तिको नाम सार्वजनिक गर्नमा ढिलाई किन भईरहेको भन्दै प्रश्न गरेकी छन् ।

‘भन्सारमा हुने लुटतन्त्रबारे ध्यानाकार्षण गराउनको लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समक्ष यसअघि नै हामीले ज्ञापनपत्र बुझाईसकेका छौं । तर सरकारको जिम्मेवार निकायबाट कुनै प्रतिक्रिया नआउनुले यसमा सबै निकाय र माथिल्लो तहसम्म भन्सारको कमिशन पुग्ने गरेको निष्कर्ष हाम्रो छ’ आजपा केन्द्रीय सदस्य साहले भनिन्, ‘यदी सरकारलाई थप मजबुद बनाउँने हो, राजस्वमा बृद्धि गर्दै समृद्ध नेपाल निर्माण गर्ने हो भने यो राजस्ववमा भईरहेको लुट बन्द गरी पुरस्कारको व्यवस्था बन्द गर्नुपर्छ ।’

पुरस्कारको नाममा भन्सारबाट उठेको रकमको ४५ प्रतिशत सिधै भ्रष्ट कर्मचारी एवं मन्त्रीको खातामा गईरहेकोले राजस्व उठाउने राज्यको लक्ष्य समेत पुरा हुन नसकेको आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए ।

आम सम्पर्क मञ्चले ‘भन्सार नियमावलीबाट ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी ब्यवस्था खारेजी’ गर्नुपर्ने लगायतका माग गर्दै भन्सार विभागमा धर्ना तथा घेराउ गर्दै आएको छ।

आजपाको आहवानमा शुरू भएको आन्दोलन झण्डै ४ महिना पुगी सक्दा समेत सरकारले कुनै सुनवाई नगर्दा आन्दोलनकारीले दुख व्यक्त गरेका छन् । भन्सारमा हुने गरेको लुट एवं भ्रष्टाचारको विरुद्ध बिभिन्न माग गर्दै भन्सार विभाग कार्यालयमा धर्ना तथा घेराउ हुदैआएको छ। कर कानुन, राजस्व कानुन र भन्सार कानुनमा एकरूपता ल्याउन भन्सार नियमावलीबाट व्यक्ति, सवारीसाधन एवं सम्पति जफत गर्ने प्रावधान हटाउँनुपर्ने माग आन्दोलनकारीको छ ।

यसैगरी भन्सारबाट उठेको राजश्व रकमबाट २५ प्रतिशत रकम सम्बन्धित प्रदेशलाई र २० प्रतिशत रकम सम्बन्धित पालिकालाई दिने ब्यवस्था गर्नुपर्ने, घरायसी प्रयोजनको लागि ल्याईने बस्तुमा भन्सार कर लगाउँने व्यवस्थाको अन्त्य हुनुपर्ने माग उनीहरुले गरेका छन् ।

आजपाले गत ३१ भदौमा भन्सार विभागका महानिर्देशक मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएर शुरू गरेको संघर्षको पहिलो चरण अंतर्रगत गत ३ असोजमा पत्रकार सम्मेलन, १८ असोजमा नियमावलीको गलत प्रवाधान जलाईएको, १९ असोजमा तराई-मधेशका जिल्लाहरूको भन्सार कार्यालय घेराउ र असोज २१-२६ गतेसम्म भन्सार विभागमा धर्ना कार्यक्रम गरेको थियो । तर सरकारले आफ्नो मागको कूनै सुनवाई नगरेपछि बाध्य भएर पुन: थप संघर्षको कार्यक्रम अगाड़ी बढाउँनुपरेको आजपा केन्द्रीय सदस्य सापकोटाले बताए ।

# राष्ट्रिय कृषि प्राविधिक कार्य समूह बैठक सम्पन्न

काठमाडौं । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा.गोविन्द शर्मा कृषि र किसानको विकासका लागि कृषि अनुसन्धान कार्यलाई अझै प्रभावकारी बनाउँदै अगाडी बढ्नुपर्ने बताएका छन् । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) अन्तरगतको राष्ट्रिय बाह्य अनुसन्धान केन्द्रको आयोजनामा आज ललितपुरको खुमलटारमा राष्ट्रिय कृषि प्राविधिक कार्य समूहको बसेको केन्द्रीय स्तरको बैठकलाई सम्बोधन गर्दै सचिव शर्माले यस्तो बताएका हुन् ।

सरकारको कृषि नीतिलाई पालना गर्दै कृषि क्षेत्रमा सरकारले राखेको लक्ष्य प्राप्तिका लागि नार्कका अनुसन्धानकर्ताको महत्वपूर्ण भुमिका हुने भएकाले अनुसन्धान प्रभावकारी हुनुपर्ने आवश्यक्ता रहेको उनले बताए ।

‘सरकारले कृषि क्षेत्रको बिकास गर्दै किसानको अवस्थामा बदलाव ल्याउन चाहेको छ । सरकारको नीति र लक्ष्य पनि यही हो । कृषि र किसानको बिकासका लागि हाम्रो अनुसन्धान कार्य अझै प्रभावकारी हुन आवश्यक छ’ सचिव शर्माले भने ।

कृषिमा दिनदिनै नयाँ-नयाँ समस्या आउँनुका साथै रोगहरु समेत नयाँ-नयाँ आईरहेको बताउँदै उनले त्यसबाट बालीनालीलाई जोगाउँन र उत्पादन कसरी बढाउँन सकिन्छ त्यसका बारेमा गम्भिर रुपमा अनुसन्धान हुनुपर्ने बताए । बिभिन्न बस्तुको आयात भईरहेको बताउँदै उनले उत्पादनमा बृद्धि कसरी ल्याउँन सकिन्छ र आत्मनिर्भर कसरी हुने भन्ने बारे सबै एकजुट भएर लाग्नुपर्ने सचिव शर्माले बताए ।

सोही बैठकमा सहभागि कृषि तथा पशुपन्छी बिकास मन्त्रालयका अर्का सचिव डा.रेवतीरमण पौडेलले नेपालको संविधान कानून, कृषि नीति तथा निर्देशन अनुसार नेपालको कृषि क्षेत्रको अनुसन्धान प्रभावकारी हुनुपर्ने बताएका छन् ।


## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश


## संक्षिप्त समाचार

### प्रधानमन्त्री प्रचण्ड र भारतका विदेशमन्त्री डा.एस जयशंकरबीच भेट

काठमाडौं । परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठकमा सहभागी हुन काठमाडौं आएका भारतीय विदेशमन्त्री एस जयशंकरले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेका छन् । डा.एस जयशंकरले प्रधानमन्त्री प्रचण्डलाई सिंहदरबारमा भेटेका छन् । भेटमा द्विपक्षीय हितका विभिन्न विषयमा छलफल भएको प्रधानमन्त्री प्रचण्डको सचिवालयले जनाएको छ ।

### नेपाल र भारतका परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक सम्पन्न

काठमाडौं । नेपाल र भारतका परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठक सम्पन्न भएको छ। परराष्ट्रमन्त्री एनपी साउद र भारतीय विदेशमन्त्री एस जयशंकरको संयुक्त अध्यक्षतामा बसेको बैठक सकिएको हो । संयुक्त आयोगको बैठकमा आर्थिक सम्बन्ध, कनेक्टिभिटी, व्यापार तथा पारवहन, उर्जा तथा जलस्रोत, शिक्षा तथा संस्कृति र राजनीतिकलगायतका विषयगत क्षेत्रहरु अन्तर्गत नेपाल-भारत सम्बन्धका विभिन्न पक्षमा छलफल भएको परराष्ट्रमन्त्री साउदले जनाएका छन् । उनले भारतीय समकक्षीसँग भएको द्विपक्षीय भेटवार्तामा विभिन्न विषयगत क्षेत्रहरु अन्तर्गत नेपाल-भारत सम्बन्ध बारे छलफल भएको बताएका हुन् ।

### ओली र एस जयशंकरबीच भेट

काठमाडौं । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र भारतका विदेशमन्त्री डा.एस जयशंकरबीच शिष्टाचार भेट भएको छ। भेटमा दुई देशबीच विद्यमान सम्बन्धबारे छलफल भएको एमाले विदेश विभाग प्रमुख डा.राजन भट्टराईले जानकारी दिए। अध्यक्ष ओलीले भारतसँग नेपालको नजिकको सम्बन्ध रहेको बताउँदै आर्थिक विकासको बाटोमा अग्रसर नेपाललाई भारतको सहयोग अपरिहार्य भएकाले त्यसमा सघाउन अनुरोध गरे ।

### एचआईसीडीपी कार्यान्वयन सहमति

काठमाडौं । नेपाल र भारतबीच हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट (एचआईसीडीपी) कार्यान्वयनको सहमति भएको छ । नेपाल र भारतका विदेशमन्त्रीको उपस्थितिमा भएको एचआईसीडीपी कार्यान्वयन सम्झौतामा अर्थ सचिव कृष्णहरि पुष्कर र नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले हस्ताक्षर गरेका छन् । २० मंसिरमा मन्त्रिपरिषद्ले भारत सरकारको अनुदान सहायतामा सञ्चालन हुने हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट कार्यान्वयनका लागि अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको थियो । बिहीबार भएको सम्झौताअनुसार अब भारतीय दूतावासले एउटै परियोजनामा २० करोडसम्म सोझै लगानी गर्नसक्नेछ ।

### पूर्वमन्त्री खानको पहलमा खानेपानी मेसिन जडान

सिरहा । जिल्लाको श्री राम दुलारी माध्यमिक विद्यालय, कल्याणपुर-११ मा खानेपानी मेसिन जडान भएको छ। पूर्वखानेपानी मन्त्री अब्दुल खानको विशेष पहलमा र ईन्भाईरोमेन्ट प्रोटेक्शन कोपरेटिभको सहयोगमा विद्यालयको बच्चाहरुका लागि खानेपानी, फिल्टर सहित ट्याङ्की जडान गरिएको सिरहा जिल्लाको यूवानेता दिप नारायण यादवले जानकारी दिएका हुन् । पछिल्लो समयमा मधेशभरि विभिन्न ४०० सय विद्यालयमा पुर्व खानेपानी मन्त्रीको पहलमा यो कार्यक्रम संचालन गरिएको छ । यो कार्यक्रम निरन्तररुपमा मधेश प्रदेश देखि अन्य प्रदेशहरुमा पनि संचालन गरिने जनाइएको छ ।

### सात किलो गाँजा बरामद

मोरङ । जहदा गाउँपालिका-१ पश्चिम बरीया टोलस्थित परालको कुन्युभित्रबाट अवैध लागूऔषध गाँजा ७ किलो आइतबार राति प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरीले उक्त गाँजा फेला पारी बरामद गरेको हो ।

### स्कार्पियोको ठक्करबाट २ जनाको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१८ स्थित सडकमा सु.प.प्र ०१-००१ च ३४६४ नम्बरको स्कार्पियोको ठक्करबाट दुई जनाको मृत्यु भएको छ। पैदलयात्री सोही उपमहानगरपालिका-१३ बस्ने २४ वर्षीया आस्था शाह र हाल नाम, थर, वतन नखुलेका ३५ वर्षीय पुरूषको आइतबार राति मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । साथै उक्त स्कार्पियोको ठक्करबाट घाइते भएका १ जना पैदलयात्रीको सोही अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले स्कार्पियो चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ब्राउनसुगरसहित दुई महिला पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-३ मिलन चोकबाट अवैध लागूऔषध ब्राउनसुगर करिब २ ग्रामसहित २ जनालाई बुधबार बेलुकी प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-२ बस्ने २४ वर्षीया पवित्रा आचार्य र २५ वर्षीया रिया बिष्ट रहेका छन् । प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले सु.प.प्र. ०१-००१ प १७०९ नम्बरको स्कुटर जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

### आगलागीबाट ८ लाखको क्षति

मोरङ । लेटाङ नगरपालिका-३ कृतिमान बस्ने ज्ञान बहादुर राईको घरमा गाईलाई खोले पकाउने क्रममा बिहीबार बिहान आगलागी हुँदा भाँडावर्तन, लत्ताकपडा, अन्नपात, काठपात लगातयका सामानहरू जलेर करिब ८ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। प्रहरीले स्थानीय वासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।




# सयौं नेताकार्यकर्ता आजपामा प्रवेश




वीरगंज । आम जनता पार्टी (आजपा) का अध्यक्ष एंव पुर्वमन्त्री प्रभु साहले प्रमुख दलका नेताहरुका कारण देश असफल भई आर्थिक संकट गहिरिदै गएको बताएका छन् ।

आजपाद्वारा पर्साको पोखरियामा आइतबार आयोजित पार्टी प्रवेश एंव कर्याकर्ता भेला कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले मुलुकमा आर्थिक संकट गहिरिदै गएका कारण विभिन्न समस्य देखा परेको बताए ।

'कांग्रेस, माओवादी, एमाले लगायत दलका नेताहरू सत्ता प्राप्तिको दौडमा हुनुहुन्छ । समृद्धि, सुशासन कसरी कायम गर्न सकिन्छ, नेपाली जनताका चाहना कसरी पूरा गर्न सकिन्छ भन्ने बारेमा सोच्ने उहाँहरुलाई फुर्सद छैन' आजपा अध्यक्ष साहले भने, 'सत्तामा कसरी पुग्ने, सरकार बनाउने र ढाल्ने खेलमा लागेका नेताहरूले रोजगार सृजना गर्न सकेनन् । त्यसैले आज बेरोजगारी बढेको छ । भ्रष्टाचार, कुशासन बढेको छ । देशमा आर्थिक संकट गहिरिदै गएको छ । रोजगार खोजिरहेका युवालाई सरकारले रोजगार दिन सकिरहेको छैन् । रोजगारकालागी बिदेश जन्छु भन्ने युवाहरूलाई सरकारले गोलि हानेर हत्या गर्ने दृश्य हामी देखिरहेका छौं ।'

यी नेताहरुको सत्ता मोहकै कारण यो व्यवस्था असफल भएको बताउदै उनले समृद्ध नेपाल निर्माणका लागी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय व्यवस्थामा जानुको विकल्प नभएको बताए । यो सरकार, दल तथा दलका मठाधिशहरु असफल भईसकेको बताउदै अध्यक्ष साहले यो सरकार विघटन गरि अन्तरिम सरकार गठन गरेर देशलाई निकास र बिकास दिएर मुलुक समृद्ध बनाउन सकिने बताए ।

एक अर्को प्रसंगमा आजपा अध्यक्ष साहले वीरगंज सहित पुरै मधेसलाई उजाड बनाउँने काम उपेन्द्र यादवले गरेको बताउदै उपेन्द्रलाई मधेसवाट बहिष्कार गरी दण्डित गर्नुपर्ने बताए । देशकै आर्थिक राजधानी रहेको वीरगंज सहित मधेसलाई तहसनहन गर्दै बर्बाद गरेर उजाड बनाउँने काम उपेन्द्रले गरेको उनले बताए ।

'सबैभन्दा सुगम भनिएको मधेसको मानव सूचांक अहिले कर्णालीभन्दा पनि पछाडी छ । वीरगंज सहित मधेसलाई बर्वाद गर्ने, उजाड बनाउँने, तहसनहस गर्नेलाई अब बहिष्कार गरेर दण्डित गर्नुपर्ने बेला आईसकेको छ' साहले भने, 'मधेसी जनता, मधेसका लागि भनेर मधेसलाई नै बर्वाद गर्ने, उजाड बनाउँनेहरु मधेस सरकारमा पुगेपछि मधेसका लागि के गरे ? जहिले पनि शासनमा छदैछन्, तर उनीहरुले केवल मधेसलाई बर्बाद गर्ने काम मात्रै गरे । के उनीहरुलाई दण्डित गर्ने बेला भएको छैन् ? के उनीहरुलाई यतिकै छाडने हो ? मधेसलाई गुलजार बनाउँने हो भने मधेसलाई उजाड बनाउँनेलाई दण्डित गर्नैपर्छ ।'

दलितका आवास निर्माण, शिक्षा, स्वास्थ्य, यातायात सबै क्षेत्रमा कुनै एउटा राम्रो काम गर्न नसक्नेहरु सत्तामा बसेर लुट मचाईरहको आरोप साहले लगाए । संघीय सरकार सहित मधेस प्रदेशको सरकार भ्रष्टाचारमा लिप्त रहेको बताउँदै उनले सुशासन, समृद्धिका लागि भ्रष्टाचारका बिरुद्धमा शसक्त आवाज उठाउँनुपर्ने बताए ।

बैंकहरुले लिने गरेको मनोमानी ब्याज फिर्ता गर्नुपर्ने, लघुबित र सहकारीहरुबाट लिएको सम्पूर्ण ऋण मिनाहा तथा किसानहरुलाई सहुलियत कर्जा उपलब्ध गराउनुपर्ने लगायतका बिषयमा आजपाले आवाज उठाउदै आएको छ । यसलाई पुरा गराउन आजपाले घोषणा गरेको माघ १० गतेको मधेश बन्दको कार्यक्रमलाई सफल बनाउन आह्वान गरिएको छ ।

आजपा पर्साका अध्यक्ष पदम रसुलको अध्यक्षतामा पोखरीयामा आयोजित पार्टी प्रवेश कार्यक्रममा नेपाली कांग्रेसका सुवास कुशवाहा, जसपाका बशिष्ट कुशवाहा, जनमतका केदार कुशवाहा, लोसपाका ओमप्रकाश कुशवाहा, जसपाका महम्द इस्तिखार आजपामा प्रवेश गरेका छन् ।

# रामराज्य परिषद्ले असहयोग आन्दोलन गर्ने




काठमाडौं । रामराज्य परिषद्ले रामराज्य व्यवस्थाका लागि असहयोग आन्दोलनको उद्घोष गरेको छ ।

रामराज्य परिषद्ले सोमबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा पत्रकार सम्मेलनको आयोजना गर्दै धर्मयुद्ध वा संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलन वा असहयोग आन्दोलन गर्नुको विकल्प नरहेको बताएको छ ।

पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष जगतबहादुर थापाले भने, जनताले जनताबाट जनताको लागिा गर्ने, गराउने असल शासनमा मात्रै जनतन्त्र वा लोकतन्त्र वा प्रजातन्त्रको यथार्थ अनुभूति गर्न सकिने हुनाले जनतालाई जनार्दन वा ईश्वरको रुपमा हेर्ने अध्यात्मिक राज्य व्यवस्था सञ्चालनमा ल्याउने आँट र अठोट गरिएको हो र यही नै हाम्रो मूल सिद्धानत पनि हो ।'

अध्यक्ष थापाले अहिले सरकारलाई बेधर्मी, धर्मनिरपेक्ष, क्रिष्चियनको आरोप लगाउँदै यो व्यवस्थाले देशलाई झन्-झन् गरीब र कंगाल बनाउने तर्क गरेका थिए । उनले रामराज्य व्यवस्थाले मात्र नेपालको रक्षा हुनसक्ने बताएका थिए ।

उनले भने, 'रामराज्य व्यवस्थामा मन्त्री र मन्त्रालयहरु हुँदैनन् । भ्रष्टाचारलाई शून्य अवस्थामा ल्याउन सर्वाधिकार सम्पन्न संस्था लोकपाल जस्ता संस्थाको व्यवस्था गरिएको हुन्छ भने धुन्धकारीहरुलाई सत्मार्गी बनाउन धर्मपाल जस्तो समन्वयकारी संस्थाको व्यवस्था गरिएको छ ।'

'धर्मनियन्त्रित राज्य व्यवस्था रामराज्यको पक्षमा आफ्नै संविधान जारी गर्दै आफ्नै अध्यात्मिक साम्यवादी व्यवस्था लागू गरिन्छ । अनगिन्ती मन्त्री र मन्त्रालयहरुको सट्टा जननिर्वाचित राज्य प्रमुखको नियन्त्रणमा रहने गरी ९ सचिव र सचिवालयहरु मार्फत् रामराज्य व्यवस्था सञ्चालन गरिन्छ । नेपाललाई पुन: विश्वको एक मात्र हिन्दूराष्ट्र घोषणा गर्दै शान्ति क्षेत्र पनि घोषणा गरिन्छ,' उनले भने ।

रामराज्य परिषद्ले यो व्यवस्थालाई फाल्न आन्तरिक तयारीमा जुटिसकेको अध्यक्ष थापाले बताए । उनले यो संविधान असफल भइसकेकोले नयाँ संविधान पनि तयारी गरिसकेको दाबी गरे ।

उनले भने, जतिसुकै अग्रगामी र उत्कृष्ट संविधान भनिएको भएता पनि अहिलेको यो सातौं संविधान पनि जातपात, भेदभाव, भ्रष्टाचार, समावेशी, समानुपातिक, आरक्षण, धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र जस्ता विकृति, विसंगति र विवादहरुमा मात्र आधारित छैन, अति खर्चिलो र किचलोपुर्ण र विखण्डनकारी पनि छ ।'




## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**छिन्नमस्ता गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# शिवकुमार महतोको नेतृत्वमा मधेशी एकता समाज कतार गठन




रामएकवाल राम, काठमाडौ । शिव कुमार महतोको नेतृत्वमा मधेशी एकता समाज कतार गठन भएको छ ।
त्यस्तै उपाध्यक्षमा संजीव नायक, अर्का उपाध्यक्षमा अजित ठाकुर, महासचिव चन्द्रविर यादव, सचिव जयप्रकाश यादव, कोषध्यक्ष गौतम शर्मा, सह सचिव रबिन्द्र उदास माली, मिडिया कोर्डिनेटर रामएकवाल रामलाई चयन गरेका हुन् ।
युएई सरकारबाट गोल्डेन भिसा पाएका पहिलो नेपाली तथा वरिष्ठ डाक्टर रविन्द्र कुमार यादव, यु ए ई मा भू उपग्रह क्षेत्रमा कार्यरत वैज्ञानिक मुकेश झा, व्यवस्थापक तनवीर आलम, भारतमा कार्यरत दिपेन्द्र चौबे, सुजित ठाकुर अस्ट्रेलियामा कार्यरत इन्जिनियर रमेश सिंह, इंगलैंडमा कार्यरत प्रसिद्ध चित्रकार गोविन्द साह अजाद, नेपालमा सामाजिक क्षेत्रमा कार्यरत डाक्टर बब्बी सिंहको प्रयासले युएईबाट.२०२१ सालमा शुरु भएको संस्था कतारमा शिव कुमार महतोको नेतृत्वमा चयन गरि मधेशी एकता समाज, कतारको प्रथम बैठक तथा शुभकामना अदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।
शुक्रबार सनैयास्थित लालिगुराँस रेस्टुरेन्टको सभाहलमा सम्पन्न कार्यक्रम संस्थाको संस्थापक संयोजक डाक्टर रविन्द्र कुमार यादवको विशेष आतिथ्य, संजीव नायकको सभापतित्व तथा समाजसेवी गोबिन्द झा, सरयुग यादव, अभय ठाकुर, मनिष यादव, जमिर नदाफ, अजित ठाकुर लगायत कतारमा स्थापित विभिन्न जातीय, जिल्ला तथा प्रदेशका संघ संस्थाका प्रमुख एव प्रतिनिधि समाजसेवी बुद्धिजीवी पत्रकाहरुको उपस्थितिमा कार्यक्रम सप्पन्न भएको हो ।
कार्यक्रमलाई सम्बोधन गर्दै डाक्टर यादवले मधेशी एकता समाज, संसारभरि फैलिएको मधेशी प्रवासीहरुमा विभिन्न जाती, धर्म, भाषा, राजनैतिक विचारको बावजुद साझा मधेश हितको लागि एकताको बन्धनमा बाँधिएर मधेशको सांकृतिक पहिचान जोगाउन, मधेशमा रहेको कुरीति अन्धविश्वास विरुद्ध लड्न, मधेशमा शिक्षाको स्तरमा उन्नति, मधेशबाट हुने श्रम आप्रवासनलाई कम जोखिमपूर्ण बनाउन, श्रमिकलाई शीपमूलक तालिम दिई विप्रेषणको गुन्वात्तामा सुधार जस्ता कार्यमा प्रयास गरि मधेशमा सकारात्मक परिवर्तनको प्रयासरत भएको बताए.।
यसको अलावा श्रमिकहरुलाई परदेशमा समस्या पर्दा उद्धार गर्ने, मद्दत गर्ने, मधेशमा प्राकृतिक विपत्ताको बेला सहयोग गर्ने, मधेश आन्दोलनको शहीद परिवारलाई सहयोग गर्ने, मधेश मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत गर्ने जस्ता कार्यमा पनि क्रियाशील रहेको बताए ।
विधिवत रुपमा सुरु भएको कार्यक्रममा उपस्थित विभिन्न वक्ताहरुले अङ्रेजी नयाँ वर्ष २०२४ को शुभकामना अदान प्रदान गरेका थिए । चन्द्रविर यादवको सहजीकरणम कार्यक्रम भएको थियो ।

# नेपाल मेडिकल कलेजको स्वास्थ्य सेवाबारे स्थानीय जनप्रतिनिधिसाग छलफल

काठमाडौं । अत्तरखेलस्थित नेपाल मेडिकल कलेजको स्वास्थ्य सेवालाई प्रभावकारी, गुणस्तरीय बनाउने सवालमा स्थानीय निकायका जनप्रतिनिधिसँग छलफल विमर्श गरिएको छ । कलेजका नवनियुक्त प्रबन्ध निर्देशक प्रा.डा. जैनुद्धिन अन्सारीले मंगलबार गोकर्णेश्वर नगरपालिकाका प्रमुख, उपप्रमुख लगायतसँग छलफल विमर्श गरेका हुन् । केही दिन अगाडीमात्रै कलेजको बोर्ड अफ डाइरेक्टरहरुको सामुहिक निर्णयबाट प्रबन्ध निर्देशक भएका प्रा.डा. अन्सारीले कलेजले स्थानीय तहका नागरिकहरुलाई प्रदान गर्दै आइरहेको स्वास्थ्य सेवालाई कसरी सुधार गर्ने, कस्ता सेवाहरु थप गर्ने, जनताका अपेक्षा कस्ता छन् भन्ने सवालमा छलफल गरेका हुन् ।
छलफलमा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक कुमार रिसालले नेपाल मेडिकल कलेज गोकर्णेश्वर नगरपालिकाको गौरबको रुपमा रहेको बताउँदै कलेजले प्रदान गर्ने स्वास्थ्य सेवाहरुलाई समयानुकूल सुधार गर्न सल्लाह दिए । नगरपालिका नागरिकको स्वास्थ्य प्रति जिम्मेवार रहेकोले कलेजसँग सहकार्य गरेर अगाडी बढ्ने बताउँदै उनले विशिष्टीकृत स्वास्थ्य सेवाहरु थप गर्ने, नगरबासीको लागि नयाँ योजनाहरु ल्याउन आग्रह गरे । साथै उनले नगरपालिका मेडिकल कलेजलाई शान्तिपूर्ण, भयरहित वातावरणमा सञ्चालन गर्नका लागि जस्तोसुकै सहयोग र सहकार्य गर्न प्रतिबद्ध रहेको जनाए ।
भेटमा बोल्दै उपप्रमुख सान्नानी लामाले कलेजले स्वास्थ्य सेवालाई अहिलेको भन्दा प्रभावकारी बनाउँदै नयाँ नयाँ स्वास्थ्य उपकरण र सेवाहरु थप गर्न अनुरोध गरिन् । कलेज शान्तिपूर्ण र भयरहित वातावरणमा चलाउन कलेजलाई आवश्यक सल्लाह दिँदै नगरपालिकाले सदैब सहकार्य गर्ने बताउँदै उपप्रमुख लामाले नेपाल मेडिकल कलेज नगरको गौरबकै रुपमा रहेको चर्चा गरिन् ।
कलेजका संस्थापक प्रिन्सिपल डा. शेखरबाबु रिजालले प्रबन्ध निर्देशक प्रा.डा. अन्सारीलाई कलेजको स्वास्थ्य सेवा, शैक्षिक गुणस्तरमा सुधार गर्न योजनाबद्ध रुपमा अगाडी बढ्न सुझाए । नेशनल मेडिकल कलेजको सफलतापूर्वक सञ्चालन गरेको अनुभवसहित आएका प्रा.डा. अन्सारीको कुशल नेतृत्वमा कलेज अगाडी बढ्नेमा आशावादी रहेको बताए । वडा नं. ८ का अध्यक्ष नन्दलाल श्रेष्ठले जनतालाई सहजरुपमा गुणस्तरीय स्वास्थ्य सेवा कसरी प्रदान गर्न सकिन्छ भन्नेमा प्रशासनले बनाएको योजनामा आफुहरुको सहयोग र सहकार्य रहने प्रतिबद्धता जनाए ।
सो क्रममा बोल्दै नवनियुक्त प्रबन्ध निर्देशक प्रा.डा. अन्सारीले नेपाल मेडिकल कलेजलाई सुधार गर्नकालागि आफु आएको बताउँदै कलेजलाई अझ उचाईमा पुर्याउन स्थानीय निकाय, जनप्रतिनिधि र सरोकारवालाहरुको भूमिका ज्यादै महत्वपूर्ण रहेकाले सहमति तथा सहकार्यको भावनाबाट अगाडी बढ्ने बताए । कुनैपनि कुरा एक जनाको सोच र विचारले पूर्ण नहुने भन्दै प्रा.डा. अन्सारीले नेपाल मेडिकल कलेज गोकर्णेश्वर नगरबासीको समेत भएकाले नगरबासीको सल्लाह सुझावलाई अनुशरण गर्दै अगाडी बढ्ने बताए ।
छलफलमा कलेजका डाइरेक्टर डा. साविहा यासमिन, बोर्ड अफ डाइरेक्टर शाहनवाज अन्सारी, अस्पताल निर्देशक डा. राजेशकिशोर श्रेष्ठसमेत उपस्थित रहेका थिए ।




## जिल्ला समाचार

### भुकम्प प्रभावितलाई भारतद्वारा सहयोग

नेपालगन्ज । भारतीय विदेश मन्त्री एस जयशंकरको नेपाल भ्रमणको अवसर पारेर भारतले भूकम्प प्रभावितलाई फेरि सहयोग गरेको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई भारतीय विदेश मन्त्रालयका कमान्डेट पञ्कज मिश्राले नेपालगञ्जमा आज एक समारोहका बीच विभिन्न सामान हस्तान्तरण गरेका छन् । भारतले यसअघि पनि भूकम्प प्रभावितलाई तीन चरणमा सहयोग गरेको थियो । बाँकेका प्रमुख जिल्ला अधिकारी पोखरेलका अनुसार भारतले स्लिपिङ ब्याग दुई हजार थान, ब्ल्यांकेट एक हजार दुई सय थान, टेन्ट ( सिङ्गल फ्लाई) ५० थान, टेन्ट एक सय थान, प्रिफाइभ घर २० थान भारतले सहयोग गरेको छ । भारतले यसअघि पटक(पटक गरेर स्लिपिङ ब्याग ५ हजार १२ थान, ब्ल्यांकेट ५ हजार ३० थान, त्रिपाल ६ सय २५ थान, टेन्ट सानो १ सय ९५ थान, टेन्ट ठूलो ३८ थान, मेडिकल सप्लाई ४ हजार ५ सय २५.६० किलो सहयोग गरेको थियो । सहयोग हस्तान्तरण कार्यक्रममा बाँकेका सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

### पूर्वराजा ज्ञानेन्द्र शाहद्वारा पृथ्वीनारायण शाहको जंगी शालिक अनावरण

कपिलवस्तु । पूर्वराजा स्व.बिरेन्द्र शाहको जन्मोत्सवको अवसर पारेर पुर्व राजा ज्ञानेन्द्र शाहले कपिलवस्तुको शिवराजनगरपालिका- ३ खैरेन्द्रपुर चौराहामा निर्माण गरिएको पृथ्वी नारायण शाहको जंगी शालिकको अनावरण गरेका छन् । पश्चिमी जिल्लाहरुको भ्रमणमा रहेको उनले शिवराजन नगरपालिकाकाद्धारा २५ लाखको लागतमा निर्माण गरिएको शालिक रातो ब्यानर उघारेर शिलान्यास गरेका हुन । सोक्रममा पुर्व राजा शाहले त्यही झन्डोत्तोलन समेत गरेका थिए । भैरहवामा रहेका शाह आफना नाति ह्रदेन्द्रलाई समेत संगै ल्याएका थिए । भैरवाहा देखि बहादुरगंज सम्मको हुलाकी बाटो हुदै उनी दिउसो ३ बजे तिर खैरेन्द्रपुर पुगेका थिए । खरैन्द्रपुर स्थित बालहंस साङ्गवेद गुरुकुलमा रहेको स्वर्णद्धारा आश्रममा पुजापाठ पछि उनले सालिक अनावरण गरेका हुन । पुजापाठकाक्रममा बटुकहरुले स्वस्ती बाचन गरेका थिए । पुर्वराजा शाहले नागरिक अभिनन्द समेत ग्रहण गरेका थिए । पुर्व राजा शाहलाई आयोजकले मायाको चिनो समते प्रदान गरेका थिए । पुर्व राजा र ह्रदेन्द्रलाई हेर्न खैरेन्द्रपुर चोकमा भीड लागेको थियो । आधा घन्टाको बसाई पछि उनी भैरहवा फर्केका थिए । नगरपालिकाकोले आयोजा गरे पनि सो कार्यक्रममा कांग्रेस। एमाले तर्फबाट निर्वाचित कोही पनि जन प्रतिनिधि सहभागी थिएनन । राप्रपाको तर्फबाट मेयरमा निर्वाचित अजय थापाको बिशेष पहलमा त्यहा पूथ्वी नारायण शाहको शालिक निर्माण भएको हो । पुर्वराज शाहलाई जिल्लाको दोहनी, गैडाहवा, बहादुरगंज लागतयका स्थानमा समेत स्वागत गरको थिए । कार्यक्रममा राततन्त्रको पक्षमा नाराबाजी समेत गरिएको थियो । मेयर थापाले पुर्व राजा बिरेन्द्र शाहको जन्मोत्सवको अवसरमा पुर्व राजा ज्ञानेन्द्र शाहको करकमलबाट शालिक शिलान्यस हुन आफैमा ऐतिहासिक क्षण रहेको बताए ।

### यसप्रकार हामी खिइादै जानु किमार्थ पनि राम्रो होइन : पूर्वराजा ज्ञानेन्द्र

रुपन्देही । पूर्वराजा ज्ञानेन्द्र शाहले देशको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै देशको अवस्था आज जर्जर भएको बताएका छन् । बिहीबार भैरहवामा आयोजित पूर्वराजा शाहको नागरिक अभिनन्दन कार्यक्रममा सम्बोधन गर्दै भनेका छन्, ‘ म जता जाउँ जहाँ पुगौं जनआवाज उठेको सुन्छु मलाई आउ हाम्रो देश बनाउ र देश बचाउ - देशको सभ्यता र समृद्धि बढाउ यहाँ खडा भएर म भन्दछु म बोलिरहेछ, बनोस्, देश बचोस् भन्ने आफ्ना पुर्ख्यौली भावना इच्छा आकाँक्षा पोखिरहेछु ।’ उनले भनेका छन्, ‘ देश सुहाउँदो र बलियो आविष्कारहरु मार्फत अगाडी बढ्नु पर्छ । तर आज देश जर्जर भएको छ । बेराजगारी, गरिबी, शैक्षिक कमजोरी र बाध्यकारी परिस्थितिले लाखौ युवाजनशक्ति विदेशिएको छ । देशको माया नभएर होइन, अवस्था बिग्रिएर असन्तोष, आक्रोश तथा विवश भएर हाम्रो युवा जमात बाहिरिएको हो । यस्तो अवस्थाको अन्त हुनु पर्दछ ।’

### साधुहरूलाई कम्बल वितरण

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकामा रहेका प्रसिद्ध लक्ष्मी नारायण मठमा रहँदै आएका साधुहरुलाई एक समारोहबीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले कम्बल वितरण गरेका छन् । मधेश प्रदेशमा केही दिनदेखि बढेको चिसोबाट प्रभावित भएका साधुहरुको समस्यालाई मध्यनजर गर्दै उनीहरुलाई राहत स्वरुप कम्बल वितरण गरिएको कुरा नगर प्रमुख मण्डलले बताए । त्यसै क्रममा पीर बाबा मजारको सरसफाई तथा रेखदेख गर्दै आइरहेका हसन फकीरलाई पनि कम्बल वितरण गरिएको हो । त्यसैगरी ५० वर्षीय शिवसरण दासले आफु कम्बल पाएपछि खुशी व्यक्त गरे । उक्त कार्यक्रममा जम्मा ४० जना साधुहरुलाई कम्बल वितरण गरिएको कुरा नगरपालिकाले जनाएको छ । उक्त कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं. ६ र ८ का वड़ा अध्यक्ष क्रमश: कलीम अंसारी र रितेश साह, शिक्षा शाखा प्रमुख चन्देश्वर साह, राजकीय संस्कृत मा.वि. का प्र.अ. ईश्वरी पौडेल लगायतको उपस्थिति रहेको थियो ।

### मोलबीहरू कम्बल वितरण

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकामा रहेका मस्जिद मदरसामा रहदै आएका इस्लाम धर्मका धर्म गुरु मोलबीहरुलाई मटिहानी नगरपालिकाले कम्बल वितरण गरेको छ । बिहीबार एक समारोहका बीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले कम्बल वितरण गरेका हुन् । तराई-मधेशमा केही दिनदेखि बढेको चिसोबाट प्रभावित भएका मोलबीहरुको समस्यालाई मध्यनजर गर्दै उनीहरुलाई राहत स्वरुप कम्बल वितरण गरिएको कुरा नगर प्रमुख मण्डलले बताए । त्यसैगरी ३५ वर्षीय मोलबी तहसीन रेजाले आफु कम्बल पाएपछि खुशी ब्यक्त गरेका हुन् । यसअघि मटिहानी नगरपालिकामा रहेका प्रसिद्ध लक्ष्मी नारायण मठका साधुहरुलाई पनि कम्बल वितरण गरिएको थियो । उक्त कार्यक्रममा मटिहानी नगरपालिका भित्रका जम्मा १८ जना मोलबीहरुलाई कम्बल वितरण गरिएको कुरा नगरपालिकाले जनाएको छ । उक्त कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं. ६ का वडा अध्यक्ष कलीम अन्सारी, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, शिक्षा शाखा प्रमुख चन्देश्वर साह लगायतको उपस्थिति रहेको थियो ।

### आइएमईद्वारा सातै प्रदेशमा रेमिटेन्स साक्षरता कार्यक्रम सम्पन्न

काठमाडौं । नेपालको नेतृत्वदायी रेमिटेन्स सेवा प्रदायक कम्पनी आइएमईले सातै प्रदेशमा रेमिटेन्स साक्षरता सम्बन्धि कार्यक्रम सम्पन्न गरेको छ । गत मंसिर २०८० बाट सातै प्रदेशमा सन्चालन गरिएको उक्त कार्यक्रममा प्रत्येक प्रदेश अन्तर्गतका व्यवसायिक साझेदार मित्रहरुको उत्साहपूर्वक उपस्थित रहेको थियो । उक्त साक्षरता सम्बन्धि कार्यक्रममा सुरक्षित माध्यमबाट रेमिटेन्स र यसको प्रयोग बिषयमा केन्द्रित रहेर रेमिटेन्स मार्फत प्राप्त भएको रकम सुरक्षित रूपमा कसरि हस्तान्तरण गर्ने, रेमिटेन्स गरि रकम पठाउने तथा प्राप्त गर्ने ग्राहकले बिशेषगरि के कुरामा ध्यान पुराउने तथा रेमिटेन्सको डिजिटल प्रगोग सम्बन्धि बिषयमा रहेर प्रशिक्षण सम्पन्न गरिएको हो । आफ्नो स्थापनादेखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुर्याउन प्रतिबद्ध आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीहरु तथा स्वदेशमै दुख गरि कमाएको रकमको सुरक्षाको उद्देश्यका साथ सो कार्यक्रम सम्पन्न गरिएको हो ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

रूपन्देही । शुद्धोधन गाउँपालिका-३ दोगाना चोकमा लु.३२ प १००९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिहीबार बिहान दुर्घटना हुँदा चालक सोही गाउँपालिका-३ दोगाना बस्ने २५ वर्षीय प्रलाद थारूको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटबलमा उपचारको क्रममा मृत्यु भएको हो ।

### पोखरीमा डुबेर बालकको मृत्यु

धनुषा । शहिदनगर नगरपालिका-६ हठिपुर बस्ने भरोशी मण्डलको छोरा २ वर्षीय मनु मण्डलको आफ्नै घर अगाडि रहेको पोखरीमा डुबेर बुधबार दिउँसो मृत्यु भएको छ । डुबेर अशक्त भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।


# तस्वीरमा डा.एस जयशंकरको नेपाल भ्रमण



डा.एस जयशंकरलाई स्वागत गर्दै परराष्ट्रमन्त्री एनपी साउद ।



राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेटवार्ता गर्दै डा.एस जयशंकर ।



प्रधानमन्त्री प्रचण्डसँग भेटघाट गर्दै डा.एस जयशंकर ।



परराष्ट्रमन्त्री एनपी साउदसँग शिष्टाचार भेटवार्ता गर्दै डा.एस जयशंकर ।



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग डा.एस जयशंकर ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग डा.एस जयशंकर ।



नेकपा (एस) का अध्यक्ष माधव कुमार नेपालसँग डा.एस जयशंकर ।



मधेशी दलका शीर्ष नेताहरुसँग डा.एस जयशंकर ।



नेपाल क्रिकेट टोली र नेपाल क्रिकेट संघका सदस्यहरूसँग भारतका विदेशमन्त्री डा.एस जयशंकर ।

## आयुर्वेदिक उपचार

# पुरूषको वीर्य (शुक्र) मा शुक्रकीट (शुक्राणु) को कमी



डा. सबरी साह
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

कुनै पनि पुरुषमा बाँझोपनको मुख्य कारण शुक्रमा शुक्रकीटको संख्या सामान्यभन्दा कम हुनु हो। विश्व स्वास्थ्य संगठनका अनुसार एक एम.एल. शुक्रमा १५ मिलियन अर्थात डेढ करोडभन्दा कम शुक्रकीटको संख्या भयो भने त्यसलाई शुक्राणुको कमी (Oligospermia) भनिन्छ। जुन पुरुषमा ओलिगोस्परमिया हुन्छ त्यस्तो पुरुष गर्भाधानमा असक्षम हुन्छ।

अहिलेको युवा पिढीमा ओलिगोस्परमियाको समस्या क्रमश: दिन-प्रतिदिन बढ्दै गइरहेको छ। यो एउटा चिन्ताको विषय हो। आधुनिक खान-पान (जसमा




प्रोसेसिंग फुड, जंक फूड, डेड फूड, एसिडिक फूडको अधिकता तथा लाईव फूड र अल्कलाइन फूडको मात्रा न्यून हुन्छ त्यस्तो खाना), शारीरिक परिश्रमरहित जीवनशैली (सेडेनेटरी लाइफ स्टाइल) तथा व्यस्त जीवनशैलीको कारणले गर्दा शुक्रमा शुक्रकीटको संख्या र गुणस्तर दुबै खस्कँदै गइरहेको छ। शुक्रमा शुक्रकीटको संख्याको आधारमा ओलिगोस्परमियालाई तीन भागमा वर्गीकरण गरिएको छ :-

१. माईल्ड ओलिगोस्परमिया :-
यसमा शुक्रकीटको संख्या प्रति एम.एल.१०-१५ मिलियन हुन्छ।

२. मोडरेट ओलिगोस्परमिया :-
यसमा शुक्रकीटको संख्या प्रति एम.एल.५-१० मिलियन हुन्छ।

३. सिभियर ओलिगोस्परमिया :-
यसमा शुक्रकीटको संख्या प्रति एम.एल. ५ मिलियनभन्दा कम हुन्छ।

कारण :-
१. पुरुष हार्मोनको कमी।
२. अस्वस्थकर खान-पान तथा गलत जीवनशैली।
३. प्रजनन प्रणालीको संक्रमण।
४. वातावरणीय कारण।
५. मोटोपन।
६. पेशागत कारण (भट्टीमा काम गर्ने मजदुरहरूमा यस्तो समस्या देखिन्छ)।

लक्षण :-
१. यौन इच्छाको कमी।
२. शुक्र कम मात्रामा निस्कनु तथा शुक्र पातलो हुनु।
३. गर्भाधानमा असमर्थ हुनु।

उपचार :-
१. स्वस्थकर खान-पान र जीवनशैली अपनाउँदा उपचारमा सहयोग पुऱ्याउँछ।
२. खानामा अल्कलाइन फूडको प्रयोग बढी गर्ने।
३. मदिरा, गुटखा, चुरोट तथा अन्य सुर्तीजन्य पदार्थको सेवन बन्द गर्नुपर्छ।
४. खानामा दुध र घ्यूको प्रयोग हितकर हुन्छ।
५. विभिन्न किसिमको शुक्र वर्धक औषधिको प्रयोग आयुर्वेदको कुशल एवं अनुभवी चिकित्सकको रेखदेखमा गर्ने।
६. ओलिगोस्परमियामा आयुर्वेदको उपचार सफल मानिन्छ।

➢ व्यक्तिगत सवारीको सट्टा ठुला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं।

➢ डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं।

➢ आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं।

प्रदुषण घटाऔं, वातावरण जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं